# गुठिचौर गाउँपालिका जुम्ला

# स्थानीय राजपत्र

खण्ड:०८ संख्या:०१ मितिः२०८०।०४।०१ गते

## भाग-१

## गुठिचौर गाउँपालिका

धलमुडी, जुम्ला

आज्ञालेः
प्रमुख प्रशासकीय अधिकृत

# गुठिचौर गाउँपालिकाको १५ औं गाउँसभा

## मितिः २०८०।०३।१०

## गुठिचौर गाउँपालिकाको आ. व. २०८०।०८१ को नीति तथा कार्यक्रम

### "शिक्षामा लगानी गरौं, पढाऊँ लेखाऊँ बालबालिका
### सामुहिक संकल्प गरौं, बनाऊँ सुरक्षित गाउँपालिका"

**आदरणीय सभा अध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरण र मुलुकको आर्थिक र सामाजिक रुपान्तरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुरक्षित, सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका राजनैतीक, आर्थिक, सामाजिक र सांस्कृतिक प्रतिवद्धताहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत सुरक्षित, सुन्दर र समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, अव्यवस्थित भूमीको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने, सुशासनलाई प्राथमिकता दिने, सुरक्षित गाउँपालिकाको मर्मलाई नागरिक तहमा अनुभूती गराउने, प्राकृतिक स्रोत साधनको दिगो प्रयोगमा जोड दिने र योजनावद्ध ग्रामीण वस्ति विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सबैलाइ

गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
७. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१२. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१३. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा ,गिट्टी ,) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।
१४. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।
१५. अव्यवस्थित भूमी प्रयोगलाई नियन्त्रण गर्नु।
१६. गाउँपालिकाको आन्तरिक स्रोतलाई वृद्धि गर्नु।
१७. सुशासन र प्रभावकारी सेवाको प्रत्याभूति गराउनु।

**आदरणीय सभा अध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**

थुप्रै अवसरहरु र चुनौतीहरुको बिचमा म यस सम्मानित १५ औं गाउँसभा समक्ष आ. व. २०८०।०८१ का लागि समग्र विकास योजना तर्जुमा गर्न तपशिल बमोजिमको आय अनुमान पेश गर्ने अनुमति चाहन्छु।

| क्र. सं. | बजेट शिर्षक | रकम रु | श्रोत |
|---|---|---|---|
| १ | गाउँपालिकाको आन्तरिक श्रोत | १६००००० | गुठिचौर गाउँपालिका |
| २ | संघीय सरकार वित्तीय समानीकरण अनुदान | ८१०००००० | संघीय सरकार |
| ३ | संघीय सरकार विशेष अनुदान | १०००००००० | संघीय सरकार |
| ४ | संघीय सरकार सशर्त अनुदान | १२०६००००० | संघीय सरकार |
| ५ | संघीय सरकार समपूरक अनुदान | ५०००००० | संघीय सरकार |
| ६ | सघीय सरकार राजश्व बाँडफाँड | ७४३०६७०० | संघीय सरकार |
| ७ | प्रदेश सरकार वित्तीय समानीकरण अनुदान | ८९६१००० | प्रदेश सरकार |
| ८ | प्रदेश सरकार सशर्त अनुदान | १९३५८००० | प्रदेश सरकार |
| ९ | प्रदेश सरकार समपूरक अनुदान | ५०००००० | प्रदेश सरकार |
| १० | गत वर्षको अल्या बजेट | २३७००००० | गत वर्षको |
| **जम्मा** | | **३४९५२५७००** | |

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने

प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, मितव्यायिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म ३५० मि. ग्राभेल सडक, नयाँ ट्र्याक ३.४ कि.मि. सडक रहेकोछ । गाउँपालिका सवै वडामा सडकको पहुँच पुगेकोछ। गाउँपालिकाले विभिन्न वस्तीहरुमा सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ । गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएकोछ ।

**सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा गरी कूल ७ हेक्टरमामा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ । जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएकोछ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा ५० शैयाको अस्पताल निर्माणको लागि वडा नं २ मा जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेकोछ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ । विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म गाउँपालिकामा २०० मि कृषि सडक निर्माण भएकोछ । कृषि सहकारीसंस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ ।गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन गर्ने कामलाइ ब्यवस्थित रूपमा कार्यान्वयन ल्याउन पहल गरिएकोछ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेका बेरोजगार युवायुवतिहरुको पहिचानको लागि बेरोजगार फारम भरि संघीय सरकारले विकास गरेको अनलाइन सिस्टममा जम्मा १०१५ जना सूचीकृत भएका थिए भने प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत २१० जनालाई ५० दिन बराबरको रोजगारीमा संलग्न गराइएकोछ। यसका अतिरिक्त सूचीकृत भएका र केही सूचीकृत नभएका लगभग ६५०० जनालाइ विभिन्न योजनाहरुमा संलग्न गराइ केही दिनका लागि रोगार बनाइएकोछ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएकोछ । गाउँपालिकामा रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएकोछ।

दिगो फोहर ब्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएकोछ ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

गाउँपालिकाले १० भन्दा बढी ऐन, ४ वटा नियमावली, २० वटा जति कार्यविधि, र ५ वटा जति मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ।त्यसै गरी व्यवस्थित शहरीकरण तथा वस्ति विकासको लागि आवश्यक नीति तर्जुमा गरेको छ ।गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६६.५ अंक प्राप्त गरेको छ ।

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएकोछ ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

**सभाध्यक्ष महोदय,**

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवन उपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी गुठिचौर गाउँपालिका वडा नं ४ स्थित श्री सत्यवादी माध्यमिक विद्यालय बालु जुम्लालाई नमूना विद्यालयको रूपमा घोषणा गरिनेछ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

४. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

५. उच्च शिक्षामा उत्कृष्टता हासिल गर्नका लागि गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृतीको व्यवस्था गरिनेछ।

६. यस गाउँपालिका अन्तर्गतकास सामुदायिक विद्यालयको ईमिस तथ्यांक चुस्त दुरुस्त राख्न आइ सि टि ल्याव अनुदान प्राप्त नगरेका सामुदायिका विद्यालयहरुलाई **"एक विद्यालय एक ल्यापटप कार्यक्रम"** लागु गरिनेछ।

७. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

८. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

९. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

१०. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

११. सामुदायिक विद्यालयमा प्रयोग हुँदै आएको दिवाखाजा कार्यक्रममा विद्यार्थीहरुलाई सुवाइने खाजामा स्थानीय उत्पानलाई मात्र प्रयोग गर्नु पर्ने नीति अवलम्बन गरिनेछ।

१२. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

१३. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी मिलान र गाउँपालिका अन्तर्गत आन्तरिक शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

१४. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा जनशक्ति व्यवस्थापनका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र गत आ.व. २०७९।०८० बाट अल्या भई आएको आन्तरिक श्रोतको रकमबाट सम्बन्धित विद्यालयलाई अनुदान उपलब्ध गराइनेछ।

१५. गाउँपालिका भित्रका सार्वजनिक विद्यालयहरुको शैक्षिक सुधार गर्नका लागि उत्कृष्ट शिक्षकहरुलाई पुरुस्कृत र जिम्मेवारी वहन नगर्ने शिक्षकहरुलाई दण्डीत गर्ने नीति अवलम्बन गरिनेछ।

१६. सामुदायिक विद्यालयहरुमा विद्यार्थी, शिक्षक र अभिभावकहरुको समस्या पहिचान गरि शिक्षामा गुणस्तर कायम गर्नका लागि प्रत्येक विद्यालयमा गुनासो पेटीका राख्ने नीति अवलम्बन गरिनेछ।

१७. "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१८. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१९. सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म पढाइ हुने स्थानीय पाठ्यक्रम विकास गरि कार्यान्वयन गरिनेछ।

२०. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

२१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न र शिक्षकहरुको विद्यालयमा उपस्थितिलाई नियमित गर्न गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुमा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ।

२२. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

२३. शिक्षामा गुणस्तर कायम गर्न र विद्यार्थीहरुलाई सिकाइ प्रति आकर्षण बढाउनका लागि प्रत्येक वर्ष भाद्र महिनामा एक पटक सिकाइ मेला आयोजन गरिनेछ।

२४. हिमाली रम्बा आधारभूत विद्यालयमा सञ्चालित आवासीय विद्यालय सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ। जसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२५. सामुदायिक विद्यालयका विद्यार्थीहरुको पढाइलाई प्रभावकारी बनाउनका लागि प्रत्येक विद्यार्थीको घरमा बुक कर्नरको स्थापनका गर्ने नीति लिइनेछ।

२६. सामुदायिक विद्यालयको शिक्षामा गुणस्तर कायम गर्नका लागि अध्यक्ष शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ।

२७. सामुदायिक विद्यालयका छात्र छात्राहरुको सर्वाङ्गिण विकासका गर्नका लागि हरेक शुक्रबारको दिन अतिरिक्त क्रियाकलाप अनिवार्य गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

२८. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक/शिक्षिकाहरुको व्यवसायिक क्षमता अभिवृद्धिका लागि क्षमता विकासका तालिम सञ्चालन गरिनेछ।

२९. यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बाल विकास शिक्षक/शिक्षिकाहरुको मनोबल उच्च गर्नका लागि प्रोत्साहन स्वरुप आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३०. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्नका लागि विद्यालय प्रशासनलाई चुस्त दुरुस्त र प्रभावकारी बनाइनेछ।

३१. सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई श्रमसँग जोड्नको लागि **"पढ्दै, कमाउँदै, रमाउँदै"** परियोजना गुठिचौर गाउँपालिका वडा नं ३ स्थित श्री शंकर बुहउद्देश्यी माध्यमिक विद्यालय गर्ज्याङ्गकोटमा लागु गरिनेछ।

३२. गुठिचौर गाउँपालिका भित्रको एक मात्र प्राविधिक धारको सामुदायिक आइ. एस्. सि. एजि. सञ्चालित विद्यालय श्री त्रिभुवन माध्यमिक विद्यालय झारज्वालाको गुणस्तर सुधारका लागि आवश्यक व्यवस्था गरिनेछ।

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. पुरातात्विक महत्वका साथै सामाजिक तथा सांस्कृतिक अवस्थालाई चित्रण गर्नका लागि त्यस्ता वस्तुहरु संकलन गरी गाउँपालिकाको चिनारीको लागि कुनै ठाउँमा पर्दशनका लागि राखिनेछ।

२. गाउँपालिका भित्र आयोजना हुने मेला महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

३. गुठिचौर गाउँपालिका अन्तर्गत वडा नं ३ आ व २०७९।०८० मा लागु भई कार्यान्वयनमा आएको अति विपन्न नागरिकहरुलाई उपलब्ध गराउँदै आएको काजक्रिया खर्च कार्यक्रमलाई निरन्तरता दिइनेछ।उक्त कार्यक्रमलाई अन्य वडाहरुमा विस्तार गरिनेछ।

४. भोटे जनजातीले सञ्चालन गर्दै आइरहेको भोटेमेलालाई निरन्तरता दिइनेछ। सोको लागि आवश्यक व्यवस्था गरिनेछ।

५. दलित समुदायको हालको अवस्था, परम्परागत सांकृतिक सिप र क्षमता झल्काउने गरि गाउँपालिका स्तरीय भिडियो डकोमेन्ट्री बनाउनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६. स्थानीय संस्कृति अनुरू स्थानीय तहमा उत्पादित वस्तुद्वारा अथिति सम्मान गरिनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. खेलकुद क्षेत्रको दृघकालिन विकासका लागि गाउँपालिका स्तरीय रंगशाला निर्माणका लागि विशेष पहल गरिनेछ र पालिका भित्रका उत्कृष्ट खेलाडीहरुलाई सम्मान गरिनेछ।

३. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

४. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवद्ध गरिनेछ।

६. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

७. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

९. गाउँपालिका भित्रको उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन स्वरुप सहयोग गरिनेछ।

१०. गाउँपालिका भित्रका युवायुवतीहरुलाई खेलकुद क्षेत्रमा आकर्षण गर्नका लागि जिल्ला स्तरीय अध्यक्ष कप फुटबल र पालिका भित्र उपाध्यक्षकप भलिबल प्रतियोगिता आयोजना गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उद्यमशिल सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

३. गाउँपालिका भित्र महिलाहरुको अधिकारलाई सुनिश्चितता गर्नको लागि द्वन्द्व पिडित र सिमान्तकृत महिलाहरुको सिप विकास तथा सशक्तिकरणको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. ऐतिहासिक कालदेखि दलित समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई दृघजीवी राख्न सिप संरक्षण संग्रहालय स्थापना गरि सञ्चालन गरिनेछ।

५. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ र ती संस्थाहरूलाई सघन परिचालन गरिनेछ।

६. सुरक्षित गाउँपालिकाको अवधारणालाई सार्थक तुल्याउन साथै लैङ्गिक हिंसालाई न्यूनीकरण गर्नका लागि गाउँपालिका भित्र मदिरा नियन्त्रण अभियान सञ्चालन गरिनेछ।

७. गम्भिर प्रकृतिका अपाङ्गता भएका सेवाग्राहीहरुलाई उनीहरुको अवस्थालाई हेरेर घरमै अपाङ्गता परिचयपत्र उपलब्ध गराउने नीति लिइनेछ।

८. ज्येष्ठ नागरिक परिचयपत्र गाउँपालिकाबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

९. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।

१०. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

११. गाउँपालिका भित्रका फरक क्षमता भएका र जेष्ठनागरिकहरुको कल्याणका लागि नियमित घुम्ती सेवा सञ्चालन गरिनेछ।

१२. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१३. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

१४. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१५. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१६. यस आ व भित्र गाउँपालिका अन्तर्गतका अपाङ्गहरुको हकहित तथा संरण र विकासका लागि अपाङ्ग सम्बन्धी नीति तयार गरिनेछ।

१७. बालमैत्री गाउँपालिका घोषणाको लागि प्रत्येक वर्ष एउटा वडालाई बालमैत्री वडा घोषणा गर्दै लिइने कार्यको आ. व. २०८०/८१ बाट शुरुवात गरिनेछ।

१८. गाउँपालिका भित्र रहेका जोखिममा परेका बालबालिकाहरुको समग्र विकासका लागि स्थानीय तहबाट विशेष कार्यक्रम लागु गरिनेछ।

१९. बाल विवाह जस्तो गैह कानुनी कार्यलाई रोक्नक लागि विशेष अभियान सञ्चालन गरिनेछ।

२०. बाल बिवाह मुक्त वडा घोषणाको तयारीका लागि वडा कार्यालयबाट सिफारिस नलिई बिवाह गर्न पाइनेछैन् ।

२१. दलित महिला हिंसा युनीकरणका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

२. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

३. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

४. गुठिचौर गाउँपालिकामा अवस्थित एक मात्र नागरिक आरोग्य केन्द्रलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

५. महिलाहरुको स्वास्थ्यलाई मध्य नजर गरी उपाध्यक्षसँग स्वास्थ्य कार्यक्रम लागु गरिनेछ।

६. एम्बुलेन्स सेवा उपलब्ध गराउँदा वडा नं १ र २ का वासिन्दाहरुलाई बढी प्राथमिकता दिइनेछ।

७. स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका वडा नं १ को चोत्र र वडा नं २ को मुडुरीमा आधारभूत स्वास्थ्य क्लिनि स्थापना गरिनेछ।

८. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

९. महिला स्वयंसेविकाहरुलाई संचार सेवाको पहुँच उपलब्ध गराइनेछ।

१०. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

११. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

१२. गुठिचौर गाउँपालिका अन्तर्गतका दलित समुदायका परिवारका लागि निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१३. गुठिचौर गाउँपालिका लाई पोषणमैत्री गाउँपालिका घोषणा गर्नका लागि संघीय सरकारबाट प्राप्त विशेष अनुदानका अतिरिक्त स्थानीय तहबाट समेत थप बजेटको व्यवस्था गरि लागु गरिनेछ।

१४. आधारभूत स्वास्थ्य प्राप्त गर्नु नागरिकको मौलिक अधिकार भएकोले सोको सुनिश्चितता गर्न गाउँपालिकाभित्र घुम्ती स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ।

१५. गुठिचौर गाउँपालिका अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयहरुमा एक विद्यालय एक नर्स कार्यक्रम लागु गरिनेछ।

१६. गुठिचौर गाउँपालिका अन्तर्गतका विपन्न नागरिकहरुलाई उपलब्ध गराउँदै आएको मुटुरोग, सबै प्रकारका क्यान्सर, मृगौला फेल, मेरोदण्ड भाँचिएका, पार्किन्स, दुर्घटनामा परि ठूलो चोटपटक लागेका व्यक्तिहरूको लागि उपलब्ध गराउँदै आएको औषधी उपचार खर्च कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७. पोषण मैत्री गाउँपालिका घोषणाको लागि आवश्यक पहल गरिनेछ।

१८. संघीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तर्गत सञ्चालित हुने क्रियाकलापहरुमा लछितवर्ग छनौट गर्नका लागि स्थानीय तहले आफ्नो कार्यविधि बनाएर कार्यक्रम सञ्चालन गर्नेछ।

१९. गुठिचौर गाउँपालिकाको गाउँपालिका स्तरीय पोषण पाश्र्वचित्र तथा स्थिति पत्र तयार गरिनेछ।

२०. बहुक्षेत्रीय पोषण योजनाले तोके अनुसार गाउँपालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको संस्थागत क्षमता विकासमा जोड दिइनेछ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**२.१** स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ रैथानेबाली संरक्षण तथा बजारीकरणका लागि कार्य गर्ने सहकारी तथा समूहहरुलाई ढुवानीमा अनुदान दिइनेछ।

२.३ स्थानीय स्तरमा उत्पादित बहुमूल्या वस्तु तथा अर्गानी खाद्य परिकारहरु सम्बन्धी राष्ट्रीय अन्तर्राष्ट्रीय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि गाउँपालिका स्तरमा एउटा कोशेली घर स्थापना गरिनेछ।

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. गाउँपालिका अन्तर्गत उत्पादन हुने स्याउलाई मध्यनजर गरी पालिका स्तरीय स्याउ प्रशोधन केन्द्र स्थापनका लागि संघीय सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

४. पर्यटन क्षेत्रको दृघकालिन विकासका लागि पालिका स्तरको पर्यटन वोर्ड गठन गरिनेछ।

५. पर्यटकीय सडक निर्माण गर्नका लागि संभावित जंगल पर्ने क्षेत्रमा सडक विस्तार गर्नुभन्दा पूर्व DPR सहित वातावरणीय प्रभाव मूल्यांकन, प्रारम्भिक वातावरणीय परीक्षण र संक्षिप्त वातावरणी परीक्षण गरिनेछ।

६. गुठिचौरगाउँपालिका भित्र पर्यटकीय सम्भावना भएको ठाउँमा पर्यटन प्रवर्द्धन गर्नका लागि होम स्टे सञ्चालनमा जोड दिइनेछ।

७. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना बनाइ सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

९. विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

१०. गाउँपालिकाको प्रवेशद्वारमा डिजिटल डिस्प्ले वोर्ड र उपयुक्त स्थानमा डिजिटल नागरिक वडा पत्र राखिनेछ।

११. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

१२. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

१३. यस गुठिचौर गाउँपालिकाको वडा नं ३ स्थित सानो गुठिचौर भन्ने ठाउँमा संघीय सरकारबाट एक स्थानीय तह एक औद्योगिकग्राम स्थापना गर्ने नीति बमोजिम स्थापना हुन लागेको औद्योगिक क्षेत्र स्थापनाका लागि आवश्यक बजेटो व्यवस्था गरिनेछ।

१४. गुठिचौर गाउँपालिका वडा नं ४ र ५ लाई जनसंख्या, भौगोलिक अवस्थ, सांस्कृतिक तथा समाजिक विशिष्टता, सेवा सुविधाको वितरणको अवस्था र विद्यमान भौतिक पूर्वाधारको अवस्था हेरी हालको वडा नं ४ लाई वडा नं ४ र ५ र हालको वडा नं ५ लाई वडा नं ६ र ७ कायम गरि विभाजन वडा विभाजनका लागि संघीय सरकार र प्रदेश सरकारमा पठाउने व्यवस्था मिलाइनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. गुठिचौर गाउँपालिकाको वडा नं १ लाई चौरी र भेडा बाख्रा तथा ओखर पकेट क्षेत्र, वडा नं २ लाई भेडा बाख्रा र सिमी, आलु र फापर पकेट क्षेत्र, वडा नं ३ लाई भेडा बाख्रा तथा उच्च घनत्व जातको स्याउ पकेट क्षेत्र, वडा नं ४ लाई दुध पकेट क्षेत्र र वडा नं ५ लाई उच्च घनत्व जातको स्याउ पकेट क्षेत्र घोषणा गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।

३. गुठिचौर गाउँपालिका अन्तर्गतको वडा नं ३, ४ र ५ मा उत्पादित काली मार्सी धानको उत्पादनलाई वृद्धि गर्न तथा प्रोत्साहन गर्न रोपाइ महोत्सव गरिनेछ।

४. स्थानीय कृषकहरुद्वारा उत्पादित बस्तुहरुको विक्री वितरणको लागि हाट बजारको स्थापना गरिनेछ।

५. गाउँपालिका अन्तर्गत उत्पादन हुने रैथाने बालीहरूको संरक्षण गर्नका लागि खेतीयोग्य क्षेत्रमा घेरावार गर्ने नीति अवलम्बन गरिनेछ।

६. कृषकहरुले चौपायहरुमा गरेको लगानीलाई सुरक्षित गर्न र कृषकहरुलाई व्यवसायिक पशुपन्छिपालनमा आकर्षण गर्न विभिन्न समयमा फैलिन सक्ने पशुजन्य तथा कृषिजन्य महामारी रोकथाम तथा नियन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ।

७. कृषकहरुले पालन गरेका चौपायहरुको नस्ल सुधार गर्न कृतिम गर्भाधान र पशु आहारा व्यवस्थापनलाई प्रोत्सान गरिनेछ।

८. "श्रमिक किसान हाम्रा महान, उत्पादनलाई प्रोत्साहन" कार्यक्रम कार्यान्वयन गरिनेछ।

९. कर्णाली प्रदेशले अवलम्बन गरेको प्राङ्गारिक प्रदेश घोषणा गर्ने नीतिलाई कार्यान्वयन गर्न यस गाउँपालिका अन्तर्गतका खेत तथा करेसाबारीहरुमा प्रयोग हुने व्यूटाकुलर विषादी पूर्णरुपमा निषेधित गरिनेछ।

१०. तत्काल कुहिने कृषि उत्पादनहरुको व्यवस्थापनका लागि कृषि प्रसोदन केन्द्र स्थापनका लागि पहल गरिनेछ।

११. कृषकहरुको सहायताका लागि आवश्यक कृषि एम्बुलेन्सको लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिन्छ।

१२. हाल देशभरीमा तिव्र रुपमा फैलिएको पशुजन्य महामारी लम्पि स्किन रोगको रोकथाम तथा नियन्त्रणको लागि आवश्यक बजेटको व्यवस्था तथा जनशक्ति परिचालन गरिनेछ।

१३. स्थानीय रैथानेबाली संरक्षणका लागि यस गाउँपालिकाले आ. व. २०७९।०८० देखि कार्यन्वयनमा ल्याएको नरालो व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई आगामी आर्थिक वर्ष २०८०।०८१ मा पनि निरन्तरता दिइनेछ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. सहकारी तथा समूहहरुको व्यावसायिक क्षमता विकासका लागि आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. गाउँपालिका स्तरीय उत्पादन वृद्धिका लागि सामुहिक खेतीलाई प्रोत्साहन दिइनेछ।

५. गाउँपालिका अन्तर्गतका समूह सहकारीहरुमध्ये उत्कृष्ट समूह तथा सहकारीलाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ।

## ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकालाई सूचना प्रविधि मैत्री स्थानीय तहको रुपमा विकास गर्न आवश्यक पूर्वाधारहरुको विकास गरिनेछ।

२. गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई सेवाग्राही मैत्री बनाउन डिजिटल नागरिक वडापत्र र गाउँपालिकाबाट दिइने सेवालाई अनलाइन प्रणालीमा लैजाने नीति अवलम्बन गरिनेछ।

३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

५. गुठिचौर गाउँपालिका अन्तर्गत वडा नं १ र २ मा सञ्चार सेवाको पहुँच विस्ता गर्नका लागि मौजुदा मोबाइल टावरहरुको स्तर वृद्धि गर्न पहल गरिनेछ।

६. गुठिचौर गाउँपालिकाका नागरिकहरुलाई सूचनाको पहुँच वृद्धि गर्नका लागि हाल सञ्चालनमा रहेक गुठिचौर एफ् एम् को दिगोपना सुनिश्चितता गर्न सम्बन्धित नियकायसँग आवश्यक समन्वय तथा पहल गरिनेछ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरु र मेलमिलापकर्ताहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. वडा स्तरीय मेलमिलाप समितिलाई क्रियासिल बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।
४. न्यायिस समितिबाट सम्पादन गरिने कार्यहरुलाई छिटो, छरितो, प्रभावकारी र गुणस्तरयुक्त बनाउनका लागि गाउँपालिकाको न्यायिक समितिलाई क्रियासिल बनाइनेछ।
५. गाउँपालिकाको न्यायिक समितिबाट प्रवाह हुने सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउनका लागि इजलास स्थापना र व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
६. गाउँपालिकाको न्यायिक समिति र वडास्तरीय मेलमिलाप समितिबाट सम्पादन हुने कार्यहरुको मासिक प्रतिवेदन गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ।
७. नेपालको २०६२।६३ ऐतिहासिक जानआन्दोलन र जनयुद्धमा घाइते, बेपत्ता र सहिद परिवारहरुको सम्मानका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**५. सुशासनसार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,**

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने सम्पूर्ण सार्वजनिक स्थलहरुमा गुनासो पेटिका अनिवार्य राख्नुपर्ने नीति लिइनेछ।
२. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
३. देशको समग्र आर्थिक मन्दिलाई ध्यानमा राखी गाउँपालकाको चालु खर्च घटाउने नीति अवलम्बन गरिनेछ।
४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
७. गुठिचौर गाउँपालिकामा कार्यरत कर्मचारीहरूको मनोबल उच्च राख्न र निजहरुबाट प्रवाह हुने सेवा प्रवाहलाई अँझै प्रभावकारी र उपलब्धी मूलक बनाउन यस गाउँपालिकाको राजश्व बाँडफाँड शिर्षकबाट तलबभत्ता प्राप्त गर्ने स्थायी कर्मचारीहरुको लागि निश्चित रकम मासिक रुपमा प्रोत्साहन भत्ता वापत उपलब्ध गराइनेछ।
८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, राजश्व र जिन्सि शाखा लगायत सबै सेवाहरुमा सफ्टवेयरहरु प्रयोग गरी सेवा प्रवाहलाई छिटोछरितो र प्रभावकारी बनाइनेछ।
९. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता र अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।
१०. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न सम्वद्ध निकायको उपस्थितिमा नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

११. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१२. गुठिचौर गाउँपालिका वडा नं १ र २ का वडा अध्यक्ष, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, न्यायिक समितिका सदस्यहरु गाउँपालिकाले आयोजना गर्ने विभिन्न बैठक तथा कार्यक्रममा सहभागि हुन आउँदा निजहरुको हुने खर्चालाई मध्यनजर गरी निजहरुको लागि खाना र खाजा वापत कार्यक्रममा सहभागि भत्ता बाहेक थप रु १५०० अक्षरुपी एक हजार पाँच सय उपलब्ध गराइनेछ।

१३. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी रोजगारी सृजना गरिने तथा स्वरोजगारका कार्यक्रमहरुमा संलग्न गराइनेछ।

१४. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१५. गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको करार सेवा निरन्तरता निजहरुको कार्य सम्पादन मूल्यांकन तथा गाउँपालिकाको आवश्यकताको आधारमा गरिनेछ।

१६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१७. सेवाग्राहीहरुलाई मुस्कान सहितको सेवा प्रदान गर्ने नीत अख्तियार गरिनेछ।

१८. सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरीय बनाउनका लागि आगामी आर्थिक वर्षदेखि गाउँपालिका र वडापालिकाहरुमा डिजिटल हाजिरीको व्यवस्था गरी कर्मचारीहरुको नियमितता सुनिश्चत गरिनेछ।

१९. स्थानीय तहमा लोक सेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीहरूको सेवा अवधि पूरा भई अवकास हुँदा प्राप्त गर्ने रकमको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ को उपदफा २ र निवृत्त भरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ दफा १० को उपदफा १ मा भएको व्यवस्था बमोजिम यस गुठिचौर गाउँपालिकामा कार्यरत कर्मचारीहरुको लागि आवश्यक योगदानमा आधारित निवृत्त भरणका लागि आवश्यक रकमको व्यवस्था गरिनेछ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. जनताको स्वच्छ खानेपानी खानपाउने अधिकारको सुनिश्चित गर्न सञ्चालनमा रहेका खानेपानीका योजनाहरुको मर्मत संभार गर्ने नीति अवलम्बन गरिनेछ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. सार्वजनिक स्थलहरुमा सबै सरोकारवालाहरुको उपस्थितिमा महिनामा एक दिन सार्वजनिक स्थल सरसफाइ अभियान सञ्चालन गरिनेछ।

४. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्यको शुरुवात गरिनेछ।

५. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

६. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा दण्ड सजाय गर्ने नीति लिइनेछ।

७. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।
८. गाउँपालिका क्षेत्र र अन्य सार्वजनिक स्थलहरुलाई हराभरा बनाउन वृक्षरोपण कार्य गरिनेछ।
९. गाउँपालिका अन्तर्गतका सामुदायिक र राष्ट्रीय वनको संरक्षणको नीति अवलम्बन गरिनेछ।र सामुदायिक वनहरुको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरि राजश्वको दायरामा ल्याइनेछ।

**ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।
२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।
४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।
५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
७. सार्वजनिक स्थलको फोहोर व्यवस्थापनका लागि आवश्यक कार्यहरु गरिनेछ।
८. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
९. विपद् सम्बन्धी सम्भावित जोखिमलाई न्यूनीकरण गर्नका लागि यस गुठिचौर गाउँपालिका अन्तर्गतका वडा नं १ देखि ५ सम्मका वडाभित्रका घरहरुको सुरक्षित घर विमाको लागि सम्बन्धित वडाबाट बजेट भार पर्ने गरी कार्यान्वन गरिनेछ।
१०. प्राकृतिक प्रकोप तथा विपद्बाट भएको क्षतिका आधारमा यस गुठिचौर गाउँपालिका अन्तर्गतका पिडित व्यक्तिहरुलाई आवश्यक राहात उपलब्ध गराइनेछ।
११. गुठिचौर गाउँपालिका क्षेत्र अन्तर्गत विभिन्न विपदजन्य घटनामा भएको क्षतिको एकीन गरि पिडिलाई राहात उपलब्ध बनाउ विपद् राहात मापदण्ड बनाइ कार्यान्वयन गरिनेछ।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु,**

**७. भौतिक पूर्वाधार विकास (वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको भवन निर्माणमा लागि आवश्यक जग्गा प्राप्ति र भवन निर्माणका लागि बजेटको व्यवस्था गरिनेछ।

४. गुठिचौर गाउँपालिकामा अवस्थित सहिद पार्कलाई व्यवस्थित गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

६. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

७. गाउँपालिका अन्तर्गत निर्माण हुने व्यक्तिगत तथा सार्वजनिक भवन निर्माणका लागि घर जग्गा नक्सा पास प्रणाली कार्यान्वयनमा ल्याउन कार्यविधि बनाइ लागु गरिनेछ।

८. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई अवलम्बन गरिनेछ।

९. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१०. गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

११. **"एक वडा-एक पार्क"** निर्माण नीति अवलम्बन गरिनेछ।

१२. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१३. सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ९ को नियम ९७ को उपनियम ९ मा उल्लेख भए बमोजिम उपभोक्ताद्वारा सञ्चालन हुने निर्माणका योजनाहरुमा जटिलता देखिएमा साथै अवरोध सृजना भई निर्माण कार्यमा जटिलता आएमा हेभ्भि मेसिन प्रयोग गर्नु पर्ने अवस्था सृजना भएमा प्राविधिक परामर्श र प्राविधिक शाखाको सिफारिस तथा प्रतिवेदनका आधारमा हेभी मेसिन प्रयोग गर्न सकिनेछ।

१४. गाउँपालिका अन्तर्गत उत्पादित साना लघु जलविद्युत आयोजनाहरू एकीकृत गरी पालिका स्तरीय विद्युत विकास समिति गठन गरि कार्यान्वयन गरिनेछ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आय स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. गाउँपालिकामा रहेका स्रोत साधनहरुको उपयोग गरि राजश्व वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

४. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।
५. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
६. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।
७. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै इजाजत प्रदान गरि वा गाउँपालिकाले ठेक्का प्रक्रियाबाट उत्खनन गर्न स्थानीय कार्यविधि स्वीकृत गरि बिक्री गर्ने नीति लिइनेछ।
८. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।
९. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।
१०. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।
११. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

अन्त्यमा गाउँपालिकाको विकसमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक, श्रमिक, निजी, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चारजगत् लगायत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यावाद ज्ञापन गर्दछु। गुठिचौर गाउँपालिकाको विकासमा सहयोग पुऱ्याउने संघीर सरकार, प्रदेश सरकार, छिमेकि पालिकाहरु, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, विकास साझेदारहरु सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु।

## आर्थिक वर्ष २०८०।०८१ को चालु तर्फको बजेट तथा कार्यक्रम

| क..सं. | शिर्षक | श्रोत | रकम |
|---|---|---|---|
| १ | कर्मचारी पारिश्रमिक | संघ | २१९५५००० |
| २ | स्थानीय भत्ता | संघ | ४०८०००० |
| ३ | महंगी भत्ता | संघ | ८५०००० |
| ४ | पोषाक भत्ता | संघ | ७६५००० |
| ५ | फिल्ड भत्ता प्राविधिक | संघ | १२००००० |
| ६ | पदाधिकारीको सेवासुविधा | प्रदेश | ३७४०००० |
| ७ | पदाधिकारीको अन्य सेवासुविधा | प्रदेश | ५९५००० |
| ८ | घरभाडा | संघ र प्रदेश | ६८०००० |
| ९ | पानी बिजुली खर्च | संघ | ८५००० |
| १० | संचार शुल्क | प्रदेश | २५५००० |

| | | | |
|---|---|---|---|
| ११ | सरुवा भ्रमण खर्च | संघ | २५०००० |
| १२ | सवारी साधानको बिमा तथा नविकरण | संघ | ५१०००० |
| १३ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन | संघ | ५९५००० |
| १४ | बैठक भत्ता | संघ | ८५०००० |
| १५ | मोटरसाइकल मर्मत सम्भार खर्च | संघ | १५००००० |
| १६ | चारपाङ्ग्रे सवारी मर्मत | संघ | २१२५००० |
| १७ | इन्धन | संघ | ३४००००० |
| १८ | अन्य इन्धन | संघ | ४२५००० |
| १९ | अन्य भाडा | संघ | १७०००० |
| २० | अनुगमन मूल्यांकन | संघ | ५९५००० |
| २१ | कार्यक्रम खर्च तथा दिवस महोत्सव | संघ | २५५००० |
| २२ | कार्यालय सञ्चालन खर्च | संघ र प्रदेश | २९४५२५० |
| २३ | वडा कार्यालय सञ्चालन खर्च | संघ | ५१००००० |
| २४ | विविध खर्च | संघ | २०४०००० |
| २५ | सेवा परामर्श | संघ | ११५५८८५० |
| २६ | दैनिक भ्रमण खर्च | प्रदेश | ११९०००० |
| २७ | क्षमता विकास कार्यक्रम | संघ | ५००००० |
| २८ | इन्टरनेट सेवा शुल्क | संघ | ५१०००० |
| २९ | गाउँसभा तथा कार्यपालिका बैठक | संघ | ४२५००० |
| ३० | गाउँसभा सञ्चालन खर्च | संघ | ६८०००० |
| ३१ | अतिथि सत्कार | संघ | ३४०००० |
| ३२ | कार्यविधि निर्माण | | २५५००० |
| ३३ | अतिरिक्त समय खाना र खाजा | | ३४०००० |
| ३४ | अन्य भत्ता | | ८५००० |
| ३५ | मेसिनरी सामान मर्मत | | ६८०००० |
| ३६ | कार्यालय फर्निचर र अन्य व्यवस्थापन खर्च | संघ | ७६५००० |
| **जम्मा रकम** | | | **७२२९४१००** |

## आर्थिक वर्ष २०८०।०८१ को पुँजिगततर्फको बजेट तथा कार्यक्रम

| क्र. सं. | कार्यक्रम/ आयोजना | आयोजना स्थल | बिनियोजित बजेट |
|---|---|---|---|
| १ | विपद् व्यवस्थापन | गुठिचौर गाउँपालिका | १५००००० |

| | | | |
|---|---|---|---|
| २ | रेडियो गुठिचौर एफ् एम् | गुठिचौर गाउँपालिका | ७४५००० |
| ३ | गाउँपालिका अन्तर्गत आइ इ इ | गुठिचौर गाउँपालिका | ११७५००० |
| ४ | सत्यवादी डिजिटल पढाइ | गुठिचौर ४ जुम्ला | २५०००० |
| ५ | गुरोकाले देउता मन्दिर निर्माण गुठिचौर ४ दमाई वस्ती | गुठिचौर ४ जुम्ला | २००००० |
| ६ | मष्टोमन्दिर निर्माण गुठिचौर ४ दलितवस्ती | गुठिचौर ४ जुम्ला | ३००००० |
| ७ | कुलदेवता मन्दिर निर्माण गुठिचौर ४ | गुठिचौर ४ जुम्ला | ६००००० |
| ८ | कविराजखत्रीको घर नजिक पहिरो नियन्त्रण गुठिचौर ४ | गुठिचौर ४ जुम्ला | ५०००० |
| ९ | दलित स्वास्थ्य विमा | गुठिचौर गाउँपालिका | १२७५००० |
| १० | गाउँपालिका गेट निर्माण | गुठिचौर ४ जुम्ला | ६८०००० |
| ११ | गाउँपालिका वालमा भित्तेलेखन | गुठिचौर ४ जुम्ला | ४२०६०० |
| १२ | गाउँपालिका फिल्ड निर्माण | गुठिचौर ४ जुम्ला | ८५०००० |
| १३ | गाउँपालिका विश्राम कक्षा | गुठिचौर ४ जुम्ला | ५१०००० |
| १४ | पशु सेवा माथिको फल्याटमा फिनिसिङ | गुठिचौर ४ जुम्ला | ४२५००० |
| १५ | मदिरा नियन्त्रण | गुठिचौर गाउँपालिका | ६८०००० |
| १६ | उपाध्यक्ष स्वास्थ्य सुधार कार्यक्रम | गुठिचौर गाउँपालिका | ७००००० |
| १७ | अध्यक्षसँग जनता कार्यक्रम | गुठिचौर गाउँपालिका | ३५००००० |
| १८ | प्याकुरेवाडा कालासिल्ता थान निर्माण | गुठिचौर ४ जुम्ला | २००००० |
| १९ | खोलाढिक देखि ढुस्कासम्म पि सि सि बाटो निर्माण | | ४००००० |
| २० | माहादेव थान निर्माण | | २००००० |
| २१ | विद्यालयमा पढ्दै कमाउँदै रमाउँदै कार्यक्रम | गुठिचौर ३ जुम्ला | २५५००० |
| २२ | हिमाली रम्बा आवासिय विद्याय व्यवस्थापन | गुठिचौर १ जुम्ला | ५९५००० |
| २३ | सहिद पार्क व्यवस्थापन | गुठिचौर ५ जुम्ला | ३४०००० |
| २४ | गुठिचौर पर्यटकीय गुरु योजना निर्माण | | ४२५००० |
| २५ | त्रिभुवन मा वि मर्मत | गुठिचौर ५ जुम्ला | ५९५००० |
| २६ | स्वास्थ्य शाखा | | २५५००० |
| २७ | एम्बुलेन्स सजावट | | ४२५००० |
| २८ | वर्थिङ्ग सेन्टर व्यवस्थापन | | १७०००० |
| २९ | औषधि खरिद | | ८५०००० |
| ३० | महिला बालबालिका शाखा | | ५००००० |
| ३१ | सूचना प्रविधि | | ५००००० |
| ३२ | प्राविधिक शाखा | | ३२८००० |

| | | | |
|---|---|---|---|
| ३३ | न्यायिक शाखा | | २१२५०० |
| ३४ | वडा नं १ देखि ५ सम्म वडा स्तरीय मेलमिलाप समिति व्यवस्थापन | | २१२५०० |
| ३५ | सामाजिक सुरक्षा शाखा | | ८५००० |
| ३६ | शिक्षा शाखा व्यवस्थापन | | १७०००० |
| ३७ | त्रिभुवन मा वि I. Sc. Ag. व्यवस्थापन | | १७००००० |
| ३८ | सत्यवादी मा वि शिक्षक अनुदान | | १२१५००० |
| ३९ | शंकर मा वि शिक्षक अनुदान | | १५३०००० |
| ४० | खड्कदेवी मा वि शिक्षक अनुदान | | १२००००० |
| ४१ | हिराधनन्जय आ वि शिक्षक अनुदान | | ४२५००० |
| ४२ | कालिका आ वि शिक्षक अनुदान | | ६२५००० |
| ४३ | आ वि उखाडी अनुदान | | २५५००० |
| ४४ | पञ्चकोशी आ वि मुडुरी अनुदान | | २५५००० |
| ४५ | आ वि कुडी अनुदान | | २५५००० |
| ४६ | तिनमासे आ वि गडिगाउँ अनुदान | | ३३०००० |
| ४७ | कृषि विकास शाखा | | ८५०००० |
| ४८ | पशु सेवा शाखा | | ८५०००० |
| ४९ | समपूरक बजेट | | १२७५०००० |
| ५० | प्रशान र राजश्व शाखा | | २५५००० |
| ५१ | लक्षित समुदाय (भोटे जनजाती) | | २५५००० |
| ५२ | लक्षित समुदाय (अपाङ्ग) | | १२७५०० |
| ५३ | लक्षित समुदाय (जेष्ठनागरिक) | | १७०००० |
| ५४ | वडा नं ३, ४ र ५मा तिज विशेष कार्यक्रम | | १२७५०० |
| ५५ | गाउँपालिकाको जग्गा खरिद | | १७००००० |
| ५६ | अध्यक्ष सचिवालय व्यवस्थापन | | १०००००० |
| ५७ | उपाध्यक्ष सचिवालय व्यवस्थापन | | ५००००० |
| ५८ | हिमाली रम्बा आवासिय विद्यालय शैक्षिक अनुदान | | २५५००० |
| ५९ | नौमुले लघुजलविद्युत मर्मत | | ६८०००० |
| ६० | दोचालगाड लघुजलविद्युत मर्मत | | ४२५००० |
| ६१ | तिलानदि बगडे खेत नजिक तटबन्ध निर्माण | गुठिचौर ४ | २००००० |
| ६२ | मनिष प्रतिक्षालय | गुठिचौर ४ | २००००० |
| ६३ | माउखोलादेखि तेस्रो गाउँ जानेबाटो | गुठिचौर ५ | ४००००० |

| | | | |
|---|---|---|---|
| ६४ | मुलबाटोदेखि ठाडेसम्म जानेबाटो पि सि सि | गठिचौर ५ | ४००००० |
| ६५ | चिलपैरा बाटो निर्माण | गुठिचौर ५ | ५००००० |
| ६६ | गर्ज्याङ्गकोट विद्यालय भवन फिनिसिङ | गुठिचौर ३ | ८००००० |
| ६७ | दुनेला खानेपानी मर्मत | गुठिचौर ३ | २००००० |
| ६८ | खाराप्याकुरे जिउला नजिक तटबन्ध निर्माण | गुठिचौर ३ | २००००० |
| ६९ | ठाकुर ज्यू जाने तिर्थयात्रिको लागि माझवारमा प्रतिक्षालय निर्माण | गुठिचौर २ | ३००००० |
| ७० | मसानपुज्नका लागि प्रतिक्षालय | गुठिचौर २ | २००००० |
| ७१ | लोदोकोदो देखि साँधसम्म ग्रामीण सडक निर्माण | गुठिचौर २ | २००००० |
| ७२ | पानी नाउला खानेपानी निर्माण | गुठिचौर २ | १५०००० |
| ७३ | साघु खानेपानी निर्माण | गुठिचौर २ | २००००० |
| ७४ | चाखा खानेपानी निर्माण | गुठिचौर २ | १२५००० |
| ७५ | चिमानी खानेपानी निर्माण | गुठिचौर २ | १२५००० |
| ७६ | पोरि महादेव खानेपानी मर्मत | गुठिचौर २ | १००००० |
| ७७ | विगारे ट्यांकी मर्मत | गुठिचौर ४ | २००००० |
| ७८ | दोतलेदेखि भान्चरीहुँदै आरु रुखसम्म गोरेटो बाटो निर्माण | गुठिचौर ४ | २००००० |
| ७९ | गुठिचौर भुकेढुङ्गा खानेपानी निमार्ण | गुठिचौर ३ | २००००० |
| ८० | श्री शंकर बहुउदेश्यीय मा वि घेरावार निर्माण | गुठिचौर ३ | १०००००० |
| ८१ | चाखुरे बहुउदेश्यीय सहकारी मार्फत भेडा बाख्रा वितरण वडा नं १ | गुठिचौर १ जुम्ला | ५००००० |
| ८२ | मागजडि खानेपानी निर्माण योजना नापानी वडा नं १ | गुठिचौर १ जुम्ला | २००००० |
| ८३ | डाब गुठिगाउँ खानेपानी निर्माण योजना वडा नं २ | गुठिचौर २ जुम्ला | ४००००० |
| ८४ | हाँकाठाना खानेपानी निर्माण योजना वडा नं २ कोल्ते | गुठिचौर २ जुम्ला | ३००००० |
| ८५ | चिसापानी खानेपानी मुडुरी वडा नं २ | गुठिचौर २ जुम्ला | ३००००० |
| ८६ | लाग्न खानेपानी निर्माण योजना वडा नं ३ | गुठिचौर ३ जुम्ला | ५००००० |
| ८७ | गुठिचौर कृषि सहकारी मार्फत व्यवस्थापन वडा नं ३ | गुठिचौर ३ जुम्ला | ५००००० |
| ८८ | अर्गानी एप्पल ल्याण्ड वडा नं ३ | गुठिचौर ३ जुम्ला | ५७३००० |
| ८९ | कालासिल्ता देउता मन्दिर निर्माण वडा नं ४ प्याकुरेवाडा | गुठिचौर ४ जुम्ला | २००००० |
| ९० | उखाडी खानेपानी मर्मत वडा नं ४ | गुठिचौर ४ जुम्ला | २५०००० |
| ९१ | रुपेस मन्दिर निर्माण गुठिचौर ४ विगारे | गुठिचौर ४ जुम्ला | १२५००० |
| ९२ | कैलास बर्मा मन्दिर निर्माण गुठिचौर ४ | गुठिचौर ४ जुम्ला | २००००० |
| ९३ | दलितवस्ती संस्था भवन घेरावार तथा पलाष्टर वडा नं ४ | गुठिचौर ४ जुम्ला | ५००००० |
| ९४ | त्रिभुवन मा वि ट्रस निर्माण वडा नं ५ | गुठिचौर ५ जुम्ला | ४५०००० |

| | | | |
|---|---|---|---|
| ९५ | कुम्डि दलित वस्ती व्यवस्थापन वडा नं ५ | गुठिचौर ५ जुम्ला | ६०००००० |
| ९६ | चौदारी खानेपानी मर्मत वडा नं ५ | गुठिचौर ५ जुम्ला | १००००० |
| ९७ | अदालीखोला लघु जलविद्युत मर्मत | वडा नं १ | ८५०००० |
| ९८ | रैथानेबाली घेरावार डिल्लिकोट | वडा नं १ | ७००००० |
| ९९ | बौद्ध स्तुपा मर्मत चोत्र र डिल्लिकोट | वडा नं १ | ४५०००० |
| १०० | नापानी साँघु निर्माण | वडा नं १ | ३००००० |
| १०१ | भैपरी पुँजीगत खर्च वडा नं १ | वडा नं १ | ५००००० |
| १०२ | वडा कार्यालय मर्मत | वडा नं १ | ५००००० |
| १०३ | चोत्रा काठेपुल निर्माण | वडा नं १ | ३५०००० |
| १०४ | मोटरसाइकल खरिद | वडा नं १ | ४००००० |
| १०५ | आमालाई खान र बाबालाई नाना कार्यक्रम | वडा नं १ | ५००००० |
| १०६ | गडिगाउँ वल्लोवाडा तिज मन्दिर मर्मत | वडा नं १ | १२५००० |
| १०७ | नापानी बालविकास केन्द्र पर्खाल निर्माण | वडा नं १ | ३००००० |
| १०८ | रातामाटा खानेपानी निर्माण | वडा नं १ | ३५०००० |
| १०९ | खड्गदेवी मा वि जाने पूल मर्मत | वडा नं १ | २००००० |
| ११० | वडा स्तरीय तिज विशेष कार्यक्रम | वडा नं १ | १४२५०० |
| १११ | सामुहिक भेडापालनका लागि गोठ निर्माण डिल्लिकोट | वडा नं १ | ४००००० |
| ११२ | उत्कृष्ट २ जना कृषक प्रोत्साहन कार्यक्रम वडा नं १ | वडा नं १ | ७५००० |
| ११३ | श्री निर्माण चेतनशिल युवाक्लब गुठिचौर २ जुम्ला खेलकुद कार्यक्रम | वडा नं १ | १५०००० |
| ११४ | गडिगाउँ पल्लोवाडा तिज मन्दिर निर्माण | वडा नं १ | २००००० |
| ११५ | हिमाली रम्बा आ वि अनुदान | वडा नं १ | ३००००० |
| ११६ | नरालोचौकिदार व्यवस्थापन खर्च | वडा नं १ | २००००० |
| ११७ | गुठिचौर घेरावार लामाचौर | वडा नं २ | ११००००० |
| ११८ | लामाचौर खानेपानी निर्माण | वडा नं २ | ३००००० |
| ११९ | हाँकाठाना सागु निर्माण | वडा नं २ | २००००० |
| १२० | घट्टेखोला घट्ट निर्माण | वडा नं २ | ३००००० |
| १२१ | मुडुरीगाउँ भित्री बाटो पि सि सि | वडा नं २ | ८००००० |
| १२२ | श्री हिराधनन्जय आ वि व्यवस्थापन | वडा नं २ | २००००० |
| १२३ | श्री गुठिचौर बालविकास ओग्रेनी व्यवस्थापन | वडा नं २ | २००००० |
| १२४ | बाबिला जलविद्युत मर्मत | वडा नं २ | २००००० |
| १२५ | मुडुरी गाउँघर क्लिनिक व्यवस्थापन | वडा नं २ | २००००० |

| | | | |
|---|---|---|---|
| १२६ | पञ्चकोशी आ वि घेरावार निर्माण | वडा नं २ | २००००० |
| १२७ | कृषि विकास कार्यक्रम | वडा नं २ | ५०००० |
| १२८ | म्याचिङ्गफोण्ड वडा नं २ | वडा नं २ | ५००००० |
| १२९ | तिज विशेष कार्यक्रम | वडा नं २ | ९२५०० |
| १३० | वडा विपद् व्यवस्थापन | वडा नं २ | ५००००० |
| १३१ | लुवारवाडादेखि कोट्टासम्म नहर निर्माण | गुठिचौर ३ | ४००००० |
| १३२ | हिमाली टि एण्ड एन एग्रोफर्म प्रा लि विरूवा गोडमेल तथा व्यवस्थापन | गुठिचौर ३ | ३००००० |
| १३३ | वडा स्तरी खेलकुद व्यवस्थापन | गुठिचौर ३ | ३००००० |
| १३४ | वडास्तरी स्वास्थ्य व्यवस्थापन | गुठिचौर ३ | १५०००० |
| १३५ | वडा कार्यालय व्यवस्थापन | गुठिचौर ३ | ३००००० |
| १३६ | देउराली आधारभूत विद्यालय व्यवस्थापन | गुठिचौर ३ | ३००००० |
| १३७ | श्री शंकर बहुउदेश्यीय मा वि व्यवस्थापन | गुठिचौर ३ | ५००००० |
| १३८ | काजकीरिया खर्च | गुठिचौर ३ | १००००० |
| १३९ | वडा कार्यालयदेखि प्रधानको घरसम्म नहर तथा पि सि सि बटो निर्माण | गुठिचौर ३ | ४००००० |
| १४० | बहुक्षेत्रीय पोषण कार्यक्रम | गुठिचौर ३ | ३००००० |
| १४१ | ओखरको रुखदेखि माथिल्लो लुवारवाडा जाने बाटो पि सि सि | गुठिचौर ३ | ३५०००० |
| १४२ | वैरागाउँ धारा निर्माण | गुठिचौर ३ | ५००००० |
| १४३ | रावलठाना खानेपानी निर्माण | गुठिचौर ३ | १७५००० |
| १४४ | बाविराथान मन्दिर निर्माण | गुठिचौर ३ | १५०००० |
| १४५ | रामचुल्ला मन्दिर निर्माण | गुठिचौर ३ | १००००० |
| १४६ | दउतीमाडी मन्दिर निर्माण | गुठिचौर ३ | १००००० |
| १४७ | लाग्न मन्दिर निर्माण | गुठिचौर ३ | १००००० |
| १४८ | खानेपानी संरक्षणका लागि चौकिदार व्यवस्थापन | गुठिचौर ३ | १२०००० |
| १४९ | मेलमिपाल समिति व्यवस्थापन | गुठिचौर ३ | ३०००० |
| १५० | लाग्न गेट निर्माण | गुठिचौर ३ | ७००००० |
| १५१ | घर सुरक्षित विमा | गुठिचौर ३ | ३००००० |
| १५२ | प्रकाशको घरदेखि थानाडाँडासम्म सिडि तथा रेलिङ निर्माण | गुठिचौर ३ | ८००००० |
| १५३ | वडा नं ३ अध्यक्षसँग जनाता कार्यक्रम | गुठिचौर ३ | २१२५००० |
| १५४ | बालु ट्रस पुल | गुठिचौर ४ | ४०००००० |
| १५५ | सिमखोली खानेपानी मर्मत विगारे | गुठिचौर ४ | ४००००० |
| १५६ | चौविगारे पुँदालो सिँचाइ | गुठिचौर ४ | ३००००० |

| | | | |
|---|---|---|---|
| १५७ | दशौंदीगाउँ भित्रबाटो पि सि सि | गुठिचौर ४ | ४००००० |
| १५८ | पाँचौरा दलितवस्ति देखि उखाडीमस्टा मन्दिरसम्म पि सि सि | गुठिचौर ४ | ४००००० |
| १५९ | गैरास्वाँडादेखि माथिपट्टी नाउलासम्म पि सि सि बाटो प्याकुरेवाडा | गुठिचौर ४ | ३००००० |
| १६० | हिरानन्द अधिकारी घरनजिकको ठाडोबाटो पि सि सि | गुठिचौर ४ | २००००० |
| १६१ | थामिगाउँ फाट्टेबाटोदेखि खलालवाडा पिडिल्याखोलाबाटो सम्म जोड्न पि सि सि | गुठिचौर ४ | ५००००० |
| १६२ | थामिवाडा जानेबाटो पि सि सि | गुठिचौर ४ | ६८०००० |
| १६३ | दोतलेदेखि मालाभिड बाटो मर्मत धवलपुरा | गुठिचौर ४ | ४००००० |
| १६४ | लालचन्द्रको घरदेखि रामेश्वरको घरसम्म बाटो निर्माण | गुठिचौर ४ | ४५०००० |
| १६५ | मुलछरादेखि छिग्डी तटबन्ध निर्माण | गुठिचौर ४ | १००००० |
| १६६ | चिमारामालिका घेरवार निर्माण | गुठिचौर ४ | ५००००० |
| १६७ | जेष्ठनागरिक सम्मान कार्यक्रम | गुठिचौर ४ | २००००० |
| १६८ | वडा कार्यालयको विद्युत र पानी व्यवस्थापन | गुठिचौर ४ | ५००० |
| १६९ | नरालोचौकिदार खर्च | गुठिचौर ४ | ४००००० |
| १७० | वडा कार्यालयका जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास कार्यक्रम | गुठिचौर ४ | १००००० |
| १७१ | वडा नं ४ का वासिन्दाहरूको लागि नुन व्यवस्थापन | गुठिचौर ४ | २००००० |
| १७२ | नागरिक आरोग्य केन्द्रको लागि | गुठिचौर ४ | १००००० |
| १७३ | बालमैत्री वडा र बालविवाह मुक्त वडा घोषणा कार्यक्रमको लागि | गुठिचौर ४ | १००००० |
| १७४ | गाउँपालिसँग धवलपुरको मालाभिड खानेपानी निर्माण | गुठिचौर ४ | १०००००० |
| १७५ | मेनबाटोदेखि सुत्तकोघरसम्म पि सि सि बाटो निर्माण | गुठिचौर ४ | २००००० |
| १७६ | सत्यवादी मा वि खानेपानी तथा कक्षाकोठा मर्मत | गुठिचौर ४ | १००००० |
| १७७ | वडा नं ४ म्याचिङ्ग फोण्ड | गुठिचौर ४ | ४००००० |
| १७८ | बगरे तिला नदि नजिक ग्याविन | गुठिचौर ४ | ११५००० |
| १७९ | आ वि उखाडी नयाँ भवनको छाना निर्माण | गुठिचौर ४ | १००००० |
| १८० | डाँडाबाडा खानेपानी मर्मत | गुठिचौर ४ | २८०००० |
| १८१ | ब्याउली ढुङ्गा प्रतिक्षालय निर्माण उखाडी | गुठिचौर ४ | १५०००० |
| १८२ | वाउलीगाउँ थार्पा थान निर्माण | गुठिचौर ४ | १५०००० |
| १८३ | वडा नं ४ वडा विपद् व्यवस्थापन | गुठिचौर ४ | ४००००० |
| १८४ | दलित मसानघाट धर्मशाला बल्यापानी | गुठिचौर ४ | १५०००० |
| १८५ | नुन्नुको घरपछडी ढलनिकासा धलपुरा | गुठिचौर ४ | ३००००० |
| १८६ | गुठिचौर ४ नं वडामा रहेका प्रत्येक घरको १ घर १ गोरू विमा | गुठिचौर ४ | ३००००० |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम | | |
| १८७ | वडा कार्यालय घेवार | वडा नं ५ | ४००००० |
| १८८ | जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास कार्यक्रम | वडा नं ५ | १००००० |
| १८९ | कार्यालय व्यवस्थापन तथा मर्मत संभार | वडा नं ५ | ३००००० |
| १९० | लक्षित वर्ग कार्यक्रम | वडा नं ५ | ४००००० |
| १९१ | सिपमुलक कार्यक्रम तथा तालिम | वडा नं ५ | २००००० |
| १९२ | सवारी साधन खरिद | वडा नं ५ | ३००००० |
| १९३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | वडा नं ५ | ५०००० |
| १९४ | बिउटाकुलर नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम | वडा नं ५ | ५०००० |
| १९५ | देपालगाउँ स्वास्थ्य संस्था मर्मत तथा व्यवस्थापन | वडा नं ५ | १००००० |
| १९६ | ल्यापटप खरिद | वडा नं ५ | १००००० |
| १९७ | म्याचिङ्ग फोण्ड | वडा नं ५ | ५००००० |
| १९८ | देपालगाउँ गिरीवाडा बाटो निर्माण | वडा नं ५ | २००००० |
| १९९ | वडा स्तरीय तिज विशेष कार्यक्रम | वडा नं ५ | १००००० |
| २०० | आकस्मिक चालु खर्च | वडा नं ५ | २००००० |
| २०१ | मेहेलेखोला ग्याबिन तटबन्ध धिता | वडा नं ५ | ६००००० |
| २०२ | गोरुलाग्ना खानेपानी निर्माण फोइ | वडा नं ५ | ६००००० |
| २०३ | कुम्डीठाडोबाटो पि सि सि | वडा नं ५ | ६००००० |
| २०४ | देपालगाउँ ठाडोबाटो पि सि सि | वडा नं ५ | ५००००० |
| २०५ | राताढुङ्गा खानेपानी निर्माण | वडा नं ५ | १००००० |
| २०६ | देवकोटावाडा पि सि सि | वडा नं ५ | ३००००० |
| २०७ | सुनारगाउँ मष्टाथान निर्माण फोइ | वडा नं ५ | १००००० |
| २०८ | बिजुलीडाँडामष्टो थान निर्माण | वडा नं ५ | १००००० |
| २०९ | तल्लो लाम्पाटा कुलो निर्माण | वडा नं ५ | १००००० |
| २१० | स्वास्थ्य संस्थाको लागि स्टेचर खरिद | वडा नं ५ | ५०००० |
| २११ | वडिभित्रका विद्यालयहरुलाई फिल्टर वितरण | वडा नं ५ | १००००० |
| २१२ | धारागाउँ पि सि सि बाटो निर्माण | वडा नं ५ | २००००० |
| २१३ | सार्कीवाडा तल्लोबाटो निर्माण | वडा नं ५ | २००००० |
| २१४ | खत्रिवाडा बाटो निर्माण | वडा नं ५ | २००००० |
| २१५ | श्री शंकर बहुउदेश्यीय मा वि घेरावार निर्माण गत आ व भुक्तानि बाँकी | वडा नं ३ | २४००००० |
| २१६ | श्री शंकर बहुउदेश्यीय मा वि घेरावार निर्माण गत आ व भुक्तानि | वडा नं ३ | १४००००० |

| | | | |
|---|---|---|---|
| | बाँकी | | |
| २१७ | श्री शंकर बहुउदेश्यीय मा वि चपि निर्माण गत आ व भुक्तानि बाँकी | वडा नं ३ | ५००००० |
| २१८ | श्री शंकर बहुउदेश्यीय मा वि ECD व्यावस्थापन गत आ व भुक्तानि बाँकी | वडा नं ३ | ४००००० |
| २१९ | दोचालगाड सिँचाइ कुलो | गुठिचौर ३ जुम्ला | ८१६०००० |
| २२० | गाउँपालिका प्रशासनीक भवन निर्माण | गुठिचौर ४ जुम्ला | २४१०००० |
| २२१ | बिगारे सिचाइ लिफ्ट | गुठिचौर ४ जुम्ला | ९००००० |
| २२२ | पशु शाखा माथि तला थप्ने | गुठिचौर ४ जुम्ला | ६२७००० |
| **जम्मा रकम** | | | **११७२७३६००** |

# गुठिचौर गाउँपालिकाको आर्थिक ऐन २०८०

## गुठिचौर गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

## सभाबाट स्वीकृत मितिः २०८०।०३।१०

**प्रस्तावनाः गुठिचौर** गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम **गुठिचौर** गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम गुठिचौर गाउँपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि **गुठिचौर** गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत): गुठिचौर** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः गुठिचौर** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः गुठिचौर** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः गुठिचौर** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा

मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर**ःगाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः गुठिचौर** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा गाउँकार्यपालिकाको निर्णय र कानुन बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः गुठिचौर** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय गाउँकार्यपालिकाको निर्णय र कानुन बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गुठिचौर गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका गाउँकार्यपालिकाको निर्णय र कानुन बमोजिम उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गुठिचौर गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत गाउँपालिकाले तोके बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गुठिचौर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत गाउँपालिकाले तोके बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गुठिचौर गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूचिमा १ख बमोजिम व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः गुठिचौर** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची ७ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची -१

**सम्पति कर**

जिल्ला मालपोत कार्यालय जुम्लाले निर्धारण गरेको अन्तिम मुल्याङ्कनका आधारमा एकिकृत सम्पती कर लगाईनेछ ।

| | घर जग्गाको मूल्य | करको दर |
|---|---|---|
| | | २०८०।०८१ को लागी |
| १ | पहिलो रु १०लाख भन्दा तल सम्मका | १०० |
| २ | त्यस पछिको रु १० लाख सम्ममा | ३०० एकमुष्ट |
| ३ | त्यस पछिको रु ३० लाख सम्ममा | ०.०५ प्रतिशत |
| ४ | त्यस पछिको रु ५० लाख सम्ममा | ०.१५ प्रतिशत |
| ५ | त्यस पछिको रु १ करोड सम्ममा | ०.२५ प्रतिशत |

**घर जग्गाको मूल्यांकन गर्ने तरिका**

१ घर जग्गा कर लाग्ने क्षेत्रहरुको लागी घरको वनावटको वर्गिकरण र मूल्यांकन देहाय वमोजिम हुनेछ ।

**कः घरको वनावट वर्गिकरणः**

१ माटोको छाना भएको घर

२ जस्ताको छाना भएको घर

३ पक्कि घर

**खःसेवा शुल्क करः**

| सि नं | शिर्षक | २०८०।०८१ को लागी |
|---|---|---|
| १ | संघ संस्था दर्ता सिफारिश | १३२० |
| २ | योजना सम्पन्न १लाख भन्दा कम | ५०० |
| ३ | योजना सम्पन्न १लाख भन्दा बढी१५ लाख सम्म | ११०० |
| ४ | १५लाख भन्दा माथी ५० लाख सम्म | २२०० |
| ५ | ५० लाख भन्दा माथी | ३३०० |
| ४ | अन्य सिफारिश | १०० |
| ५ | कच्ची माटोको छाना भएको घर | ५५ |
| ६ | टिनको छाना भएको घर | ११० |
| ७ | पक्की घर ढलान भएको | २२० |

**अनुसूची -२**

**भुमिकर मालपोत**

| सि नं | शिर्षक | २०८०।०८१ को लागी |
|---|---|---|
| १ | घर वाटो भएको  नभएको सिफारिश | ५५० |
| २ | चार किल्ला प्रमाणित | ५५० |
| ३ | भुमि तथा मालपोत प्रति रोपनी | १० |

**अनुसूचि ३**

**घर वहाल करः**

| सि नं | शिर्षक | २०८०।०८१ को लागी |
|---|---|---|

| | | |
|---|---|---|
| १ | काठको टहरा भाडा | ११० |
| २ | पक्की घर भाडा | ३०० |

## अनुसूची -४

**व्यवसायीक करः**

| सि नं | शिर्षक | २०८०।०८१ को लागी |
|---|---|---|
| १ | विज्ञापन कर वार्षिक | ११०० |
| २ | कुटानी पिसानी वार्षिक | २२०० |
| ३ | खुद्रा पसल वार्षिक | ६०० |
| ४ | होटल व्यवसाय | ६०० |
| ५ | व्यवसाय दर्ता कर | ५५०० |
| ६ | व्यवसाय नविकरण शुल्क | ३००० |

**अन्यः**

**पशुवस्तु चरन**

| सि नं | शिर्षक | २०८०।०८१ को लागी |
|---|---|---|
| १ | भेडा वाखा प्रतिवटा स्थानीय | ३ |
| २ | गाइ भैंसी घोडी घोडा प्रतिवटा स्थानीय | ६ |
| ३ | भैंसी आयात वाह्य प्रतिवटा | २२ |
| ४ | कुखुरा आयात प्रतिवटा | ४ |
| ५ | भेडा वाखा आयात प्रतिवटा | ११ |
| ६ | घोडा खच्चर आयात प्रतिवटा | ३ |

**पशुपंक्षि दर्ता शुल्क**

| सि नं | शिर्षक | २०८०।०८१ को लागी |
|---|---|---|
| १ | गाइ भैंसी दर्ता प्रतिवटा | ३० |
| २ | भेडा वाखा दर्ता प्रतिवटा | २० |
| ३ | कुकुर विरालो प्रति वटा | ३० |
| ४ | घोडा खच्चर दर्ता प्रतिवटा | ६० |
| ५ | कृतिम गर्भाधान दर्ता प्रतिवटा | ६० |

## अनुसूची- ५

**जडीबुटी कवाडी र जीवजन्तु कर**

| | सि न | शिर्षक विवरण | एकाइ | २०८०।०८१ को लागी |
|---|---|---|---|---|
| क | १ | घुच्ची च्याउ | प्रतिकेजी | १७० |

| | | | | |
|---|---|---|---|---|
| | २ | चिराइतो | | ४ |
| | ३ | वोजो | | २ |
| | ४ | चुक आक्चे पदमचाल | | २ |
| | ५ | अत्तिस | | १३ |
| | ६ | विस जरा | | २ |
| | ७ | सुगन्धवाल | | २ |
| | ८ | तारेचुक डाले | | २ |
| | ९ | जटामसी जरा | | ५ |
| | १० | कटुको | | १३ |
| | ११ | सिलाजित | | १५ |
| | १२ | काला दाना | | २ |
| | १३ | कुरिलो | | २ |
| | १४ | यार्सा गुम्वा | | ७००० |
| | १५ | लौंठ सल्ला | | ६ |
| | १६ | सतुवा | | ३ |
| | १७ | पाखन वेद | | २ |
| | १८ | सेतो चिनी | | ३ |
| | १९ | धुपी पातको तेल | | २२०० |
| | २० | रातो च्याउ | | २ |
| | २१ | विखामा | | २ |
| | २२ | मिन मिर्ची | | २ |
| | २३ | सिमसडिपात जरा | | २ |
| | २४ | पदमचाल टुप्पो | | २ |
| | २५ | वन लसुन | | २२० |
| ख | २५ | काठ निर्यात सिफारिश प्रति ट्रक सामुदायिक वनको सिफारिश वाहेक | | ३३०० |
| ग | २६ | नयाँ इजाजत पत्र | पटक | ७००० |
| | २७ | इजाजत पत्र नविकरण शुरु आ व को ६ महिना भित्र | | ३००० |
| | २८ | इजाजत पत्र नविकरण ६ महिना पछि | | ५५०० |
| | २९ | संघ सस्था नविकरण ६ महिना अघि | | १००० |
| | ३० | संघ सस्था नविकरण ६ महिना पछि | | ३००० |
| | ३१ | उपभोक्ता समिती सूचिकृत | | ५०० |
| | ३२ | खानी दर्ता | | २२०० |
| | ३३ | मुहान दर्ता सिफारिश | प्रतिपटक | २५०० |
| घ | ३४ | अन्य वस्तु चरन पशु भेडा वाख्र | | ६ |
| | ३५ | गाइ भैंसी घोडा घोडी | | ५ |

| | | | | |
|---|---|---|---|---|
| | ३६ | भैंसी वाहिरको | | २० |
| | ३७ | कुखुरा | | ४ |
| | ३८ | भेडा वाखा वाहिरको | | १० |
| | ३९ | घोडा खच्चरत्र | | २ |
| | | पशुपंक्षी दर्ता शुल्कः | | |
| | ४० | गाइ भैंसीहरु | | २० |
| | ४१ | भेडा वाखा | | १० |
| | | | | |
| | ४३ | हात्ती घोडा खच्चर | | ५० |
| | ४४ | कृतिम गर्भादान पशु दर्ता शुल्क | | ५० |
| ङ | ४५ | घर कच्ची माटो छाना ३ तले सम्म वार्सिक | | ५० |
| | ४६ | घर पक्की टिनको छाना भएको ३तले सम्म | | १०० |
| | ४७ | ढलान ३तला सम्म | | २५० |
| च | ४८ | सार्वजनिक वस सेवा संचालन वार्षिक | | १२००० |
| | ४९ | अटो रिक्सा ३ पाङ्ग्रे मासिक | | ३०० |
| | ५० | मदिरा उत्पादन वार्षिक | | २५० |
| | ५१ | अर्गानिक चामल प्रति क्वीन्टल निर्यातसिफरिश | | १०० |
| | ५२ | स्याउ ओखर दाना प्रति क्वीन्टल निर्यातसिफरिश | | १५० |
| | ५३ | सिमि,भटमास,प्रतिक्वीन्टल निर्यातसिफरिश | | १५० |
| | ५४ | जौ कोदो मकै फापर प्रति क्वीन्टल निर्यातसिफरिश | | ५० |
| | ५५ | सामजिक सुरक्षा परिचय पत्र नविकरण | | ५० |
| | ५६ | देवदारको तेल प्रतिलिटर | | १५० |
| | ५७ | स्याउआलु प्रतिक्वीन्टल | | १५० |
| | ५८ | तरकारि वन्दगोपी प्रति क्वीन्टल | | १०० |
| | ५९ | खानी उत्खनन् सम्वन्धि | | २५०० |
| | ६० | अन्य जडीबुटी नखुलेको | | २देखि १० |
| | ६१ | फलफूल विरुवा प्रति विरुवा | | ५ |
| | ६२ | फुजी स्याउ प्रति क्विन्टल | | २०० |

# अनुसूची ६

## सवारी साधन कर

यस गाउँपालिका भित्र आगमन गर्ने सवारी साधनमा सवारी साधन कर लाग्नेछ ।

| सि नं | शिर्षक | २०८०।०८१ को लागी |
|---|---|---|
| १ | सवारी साधन कर | ५५० |
| २ | ट्रक हेवी प्रति ट्रिप | ७०० |
| ३ | स्कूल वस मासिक | १००० |
| ४ | जीप सानो निजी | ५०० |
| ५ | सार्वजनिक वस सेवा संचालन | १००० |
| ६ | अटो रिक्सा ३ पाङ्ग्रे मासिक | ३०० |
| ७ | मोटर साइकल निजी वार्षिक | १०० |
| ८ | काठ निर्यात प्रति ट्रक सिफारिश | ३३०० |

## अन्य सिफारिश

| | | |
|---|---|---|
| १ | संघ सस्था सिफारिश दस्तुर रु१लाख भन्दा कम | ११०० |
| २ | संघ सस्था सिफारिश दस्तुर रु१लाख भन्दा बढी | १६०० |
| ३ | ४ किल्ला प्रमाणित | ५५० |
| ४ | घरवाटो भए नभएको सिफारिश | ५५० |
| ५ | अन्य सिफारिश | १०० |
| ६ | व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र | छुट |
| ७ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | २०० |
| ८ | व्यक्तिगत घटना प्रमाणपत्र प्रतिलिपीशुल्क | ५५० |
| ९ | नागरिक्ता सिफारिश शुल्क | १५० |
| १० | विज्ञापन कर | १००० |
| २२ | व्यवसायी कर | ५०० |
| २३ | कुटानी पिसानी आरा चिरानी वार्षिक | २२०० |
| २४ | खुद्रा पसल | ५५० |
| २५ | होटल व्यवसायी कर | ६०० |
| २६ | कृषक समूह दर्ता शुल्क | १००० |
| २७ | कृषक समूह नविकरण शुल्क | ५०० |
| २९ | दण्डजरिवाना गा पा ले तोकेको समयमा नबुझाउनेलाई | २ प्रतिशत |
| २९ | प्राकृतिक श्रोत साधन व्यवसायीक कर गिट्टी वालुवा ढुङ्गा प्रति ट्रिप वडा स्तरवाट संकलन | २००० |
| ३० | पशु (गाई घोडा बाख्रा आदी) भुक्तानी सिफारीस | ५०० |
| ३१ | अन्य पशु (भैसी) विमा भुक्तानी सिफारीस | २००० |

**गुठिचौर गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने ढुवानी सवारी यातायात कर**

| आर्थिक वर्ष २०८०।०८१ को लागि | | | | | |
|---|---|---|---|---|---|
| **सि नं** | **विवरणः** | **प्रति पटक** | | | |
| | | **ढुङ्गा** | **वालुवा** | **गिट्टी** | **माटो** |
| १ | प्रतिट्रिप टिप्पर वाट | ५५० | ५५० | ५५० | ५०० |
| २ | प्रतिट्रिप ट्याक्टर वाट | १२० | १२० | १२० | ६० |

**अनुसूची -७**

**पर्यटन शुल्क**

| **सि नं** | **विवरण** | **आ व २०८०।०८१ को लागि** |
|---|---|---|
| १ | पर्यटन शुल्क आन्तरिक प्रति व्यक्ति | १० |
| २ | पर्यटन शुल्क वाह्य | १०० |

**घर नक्सा पास**

| **सि नं** | **विवरण** | **आ व २०८०।०८१ को लागि** |
|---|---|---|
| १ | कच्ची घर माटोको छाना भएको | ३३०० |
| २ | पक्की घर टिनको छाना भएको | ५५०० |
| ३ | पक्की घर ढलान भएको | ११००० |

# गुठिचौर गाउँपालिकाको विनियोजन ऐन, २०८०

## सभाबाट स्वीकृत मितिः २०८०।०३।१०

गुठिचौर गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** गुठिचौर गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा(२)बमोजिम गुठिचौरगाउँपालिकाको १५औं गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गुठिचौर गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा

रकम रु ३४९५२५७०० (अक्षरुपी चौतीस करोड पन्चानब्बे लाख पच्चीस हजार सात सय रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त गुठिचौर गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रमाणिकरण मिति:२०८०/०३/१०**

**प्रस्तावना:**

सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा हित कायम राख्दै, समुदायलाई सभ्य, सुसंस्कृत, शान्त तथा सकारात्मक बाटोमा अग्रसर गराउन मदिराको नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६ तथा अन्य प्रचलित कानूनको अधिनमा रही मिति २०८०।०३।३१ गतेको गुठीचौर गाउँपालिकाको १५ औं गाउँ सभाको अन्तिम बैठकले यो मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधी, २०८० बनाई लागु गरिएकोछ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधीको नाम **"मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०८०"** रहेकोछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

(३) यो कार्यविधि गुठिचौर गाउँपालिको क्षेत्रभित्रमा लागू हुनेछ ।

**२.परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **“मदिरा”** भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ख) **“मदिरा कार्ड”** भन्नाले मदिरा सेवनकर्ताले आफुलाई आवश्यकता अनुसार दैनिक रुपमा सेवन गर्नाको लागि गाउँपालिकाबाट नाम दर्ता गरि लिएको मदिरा सेवनकार्ड भन्ने सम्झनुपर्ने छ ।

(ग) **“उत्पादन”** भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(घ) **“ईजाजतपत्र”** भन्नाले गाउँपालिका वा अन्य सम्वन्धीत निकायले मदिरा बिक्री वितरणका लागि दिइएको ईजाजतपत्र सम्झनु पर्छ ।

(ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले प्रचलित कानून अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) **“सेवनकर्ता”** भन्नाले मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) **“सेवनकार्ड”** भन्नाले मदिरा सेवनकर्तालाई प्रदान गरिने परिचय पत्र भन्ने सम्झनु पर्छ ।

(ज) “ अध्यक्ष ”भन्नाले गुठिचौर गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्छ ।

(झ) **“संयोजक”** भन्नाले न्यायीक समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ञ) **“गाउँपालिका” भन्नाले गुठीचौर गाउँपालिकालाई सम्झनु पर्छ । गाउँपालिकालाई छोटकरीमा गा.पा. भन्न सकिनेछ ।**

**३. मदिराको उत्पादनमा नियन्त्रणः-** कुनै व्यक्तिले ईजाजतपत्र बेगर र ईजाजतपत्र पाएकोले पनि ईजाजतपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन ।

४. **मदिराको बिक्री वितरणमा नियन्त्रण :-** कुनै व्यक्तिले ईजाजतपत्र बेगर र ईजाजतपत्र पाएकोले पनि ईजाजतपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरा उपलव्ध गराउने बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

५. **मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज :-** (१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) वा प्लास्टिकको बोत्तलमा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन।

(२) कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्नु हुँदैन ।

(३) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्नु हुँदैन ।

६. **मदिराको निकासी पैठारीमा नियन्त्रण :-** कुनै व्यक्तिले ईजाजतपत्र बेगर र ईजाजतपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

७. **मदिरा विक्रि वितरण र ओसार पसारका लिएको ईजाजतपत्र अभिलेखीकरण गर्नु पर्ने :-** मदिरा विक्रि वितरण, ओसार पसार गर्न इजाजतप्राप्त व्यक्ति वा फर्मले आफुले प्राप्त गरेको ईजाजतपत्र गाउँपालिकामा अभिलेखीकरण गर्नु पर्नेछ र सेवनकर्ताले तोकिएको ढाँचामा गाउँपालिका वा सम्वन्धीत निकायमा निवेदन दिइ सो निकायबाट प्रदान गरिएको प्रमाणपत्रको आधारमा मात्र विक्रि वितरण, ओसार पसार र सेवन गर्न पाइने छ । साथै सो प्रमाणपत्र वार्षिक रुपमा नियमानुसार नविकरण गरेको समेत हुनुपर्ने छ । मदीरा विक्रि वितरण, ओसार पसार ईजाजतपत्र अभिलेखीकरण गरेको प्रमाणपत्रको ढाँचा र सेवन कार्डको ढाँचा निम्नानुसारको हुनेछ

(क) अनुसूची-१ मदीरा विक्रि वितरण, ओसार पसार ईजाजतपत्र अभिलेखीकरणको ढाँचा

(ख) अनुसूची-२ मा र सेवनकार्डको ढाँचा

८. **मदिरा सेवन कर्ताले होहल्ला, गाली बेइज्जती र झैझगडा गर्न नपाईने :-** मदिरा सेवन गरेर कुनै पनि व्यक्तिले होहल्ला गर्न पाईने छैन । बेलुकी ६ बजेको समय देखि रातीको समयमा कुनै पनि व्यक्तिले मदिरा सेवन गरि अर्को व्यक्ति वा टोलमा असर पुग्ने गरि होहल्ला गर्न पाइने छैन । साथै मदिरा सेवन गरि सेवनकर्ताले समुदायमा कसैलाई गाली बेइज्जती र झैझगडा गर्न पाइने छैन ।

९. **मदिरा विक्री वितरण र ओसार पसार :-** क) गाउँपालिकाले आफ्नो सेवा क्षेत्र भित्र एक मात्र होलसेल ( थोक) मदिरा पसल र ओसार पसार मदिरा पसलका लागि इजाजत दिइने छ । त्यसरी ईजाजतपत्र दिँदा बढाबढका प्रक्रियाबाट छनौट गरिनेछ । बढावढ प्रक्रियामा सरकारी निकायको दर्ता प्रक्रियामा आएका मदीरा पसलहरुलाई मात्र सहभागी गराईनेछ ।

१०. **मदिरा विक्री वितरण, ओसार पसार र सेवनकर्ताका लागि लाग्ने शुल्क र मात्रा :-**

क) फर्म दर्ता र नविकरण शुल्क प्रचलित कानुन अनुसार हुनेछ ।

ख) सेवनकर्ताले दैनिक रुपमा १८० मि.लि.(180 ml.) र वियर परिकारमा एक बोत्तल मात्र सेवन गर्न पाइने छ । सो वापत बार्षिक एकमुष्ट रु ५०० नविकरण र कार्ड वाफत रु ५०० मात्र बुझाउनु पर्नेछ र अतिथि कार्ड वाफत प्रत्येक दिन रु १०० का दरले तिर्नु पर्ने छ ।

११. **मदिरा विक्री वितरण, ओसार पसार र सेवनकर्ताले पालना गर्नु पर्ने शर्त :-** मदिरा बिक्रेताले मदिरा बिक्री वितरण गर्दा निम्न शर्तहरु अनिवार्य पालन गर्नुपर्ने छ :-

(१) मदिरा होलसेल (थोक) बिक्रीकर्ता र ओसार पसारकर्ताले खुद्रा विक्रिकर्तालाई विहान ७(सात) बजेदेखि बेलुकी ५(पाँच) बजेसम्म विक्री वितरण गर्नु पर्ने छ र सेवनकर्तालाई बेलुकी ६ (छ) बजेदेखि ९ (नौ) बजेसम्म मात्रै मदिरा बिक्री वितरण गर्नुपर्नेछ ।

(२) मदिरा होलसेल (थोक) विक्रिकर्ता, ओसार पसारकर्ता र सेवनकर्ताले मदिरा खरीद गर्दा अनिवार्यरुपमा आफुले प्राप्त गरेको अभिलेखीकरण प्रमाण पत्र वा सेवनकार्ड लिएर आउनु पर्नेछ ।

(३) मदिरा विक्रीका लागि होटेल वा रेष्टुराँन्टले आफ्नो होटेल पसल भन्दा वाहिरका सेवन कार्ड नलिएका सेवनकर्तालाई मदीरा उपलब्ध गराउन नपाईने तर गाउँपालिका बाहिरबाट आएका अतिथीहरुलाई भने तोकिएको मात्रा वा परिमाणसम्म मदीरा उपलब्ध गराउन पाईनेछ । तर सोको अभिलेख (रेकर्ड) अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(४) मदिरा सेवनकर्ताले आफुले सेवन गर्ने पसल, होटलमा आफ्नो कार्ड देखाउनु पर्ने छ । दैनिकरुपमा सेवन गर्नु पर्ने भनि निर्धारण गरिएकोमात्रामा मात्र विक्री वितरण र सेवन गर्नु पर्नेछ र सो को अभिलेख (रेकर्ड) समेत राख्नु पर्ने छ ।

(५) मदिराको कारोवार गर्ने ईजाजत प्राप्त व्यापारीले आफुले लिएको इजाजत पत्र पसलमा सबैले देख्ने गरि राख्नु पर्नेछ भने मदिराको रेट निर्धारण सहितको मूल्य सूची (लिस्ट) टासेर राख्नु पर्नेछ ।

(६) अन्यत्रबाट मदिरा सेवन गरी आएको व्यक्ति वा सेवनकर्ताको कार्ड नभएको व्यक्तिलाई मदीरा कारोवार गर्ने ईजाजत प्राप्त व्यापारीले मदिरा बिक्री वितरण गर्न पाउने छैन ।

(७) मदिरा पसलमा अन्य खाद्यजन्य सामाग्री राख्न पाईने छैन ।

(८) प्रत्येक दिन आफुले बिक्री वितरण गरेको मदिराको दुरुस्त अभिलेख (रेकर्ड) राख्नु पर्ने छ । उक्त अभिलेखमा खरिद व्यक्तिको नाम, ठेगाना, उमेर र किनेको परिमाण उल्लेख हुनु पर्नेछ ।

(९) खरिद बिक्रीको अनिवार्य बिल प्रयोग गर्नुपर्ने छ ।

(१०) कानून बमोजिम इजाजत पत्र र सो को अभिलेखीकरण प्रमाणप्रत्र नविकरण गर्नु पर्ने ।

(११) विशेष पर्व, उत्सव, मेलाको समयमा सामाजिक शान्ति कायम गर्न सो समयमा मदिरा बिक्री वितरण गर्न नपाईने ।

(१२) गाउँपालिकाले विशेष कारण खुलाई बिक्री वितरण नगर्नु भन्ने सूचना जारी गरेको समयमा मदिरा बिक्री वितरण गर्न नपाईने ।

(१३) मदिरा पसल विद्यालय, स्वास्थ्य केन्द्र, सार्वजनिक स्थल, मन्दिर, सरकारी तथा गैरसरकारी कार्यालय भन्दा कम्तिमा ५०० (पाच सय) मि. टाढाको दुरीमा राख्ने ।

(१४) कुनै पनि व्यक्ति वा फर्मले मदिरा उत्पादन गर्न चाहेमा मदिरा उत्पादनको मापदण्डमा पूरा गरी स्थानीय स्तरमा उत्पादन हुने स्याउ, आरु लगायत अन्य फलफुलको उद्योगको स्थापना गर्न सक्नेछ ।

**१२. अतिथि अनुमति पत्र :-** गुठिचौर गाउँपालिकाको क्षेत्रमा कुनै कामको सिलसिलामा गा.पा. क्षेत्र भन्दा बाहिका कुनै मदिरा सेवनकर्ता आएमा तोकिएको शर्त पालना गर्ने गरी मदीरा सेवन गर्न पाउने छ । तर निजले अतिथी मदिरा सेवन कार्ड लिनु पर्ने छ । उक्त अतिथी सेवन कार्डको ढाँचा अनुसूची-३ मा उल्लेख भए अनुसार हुनेछ ।

**१३.** इजाजत पत्र लिनु नपर्ने :- माथि दप ७ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाएको अवस्थामा इजाजतपत्र लिनु पर्ने छैन

**क) कुटनितिक सुविधा वा महशुल सुविधा प्राप्त व्यक्रिले विदेशी मदीरा पैठारी गर्न**

**ख) कुनै व्यक्रिले आफ्नो धर्म परम्परा कायम राख्न र निजि उपयोगकालागी एक पटकमा बढीमा ५( पाँच) लिटर सम्म रक्सी वा १० (दश) लिटर सम्म जाँड बनाउन**

**तर,**

**(१) यसरी रक्सी वा जाँड बर्षको ६(छ) पटक भन्दा बढी बनाउन पाईने छैन ।**

**(२) यसरी रक्सी वा जाँड बनाउने व्यक्तिले त्यसक० सूचना अन्तःशुल्क कार्यालयका अधिकृत र गाउँपालिकालाई दिनुपर्नेछ ।**

**१४. कारोवार अध्यावधीक :-** १) मदिरा विक्रीकर्ताले आफुले मासिक रुपमा विक्री वितरण, ओसार पसार र सेवनकर्तालाई विक्री वितरण गराएको कारोवारको रेकर्ड मासिक रुपमा गाउँपालिकाको कार्यायलमा अध्यावधिक गराउनु पर्ने छ । आफुले अनुमति पाएको भन्दा बढी कारोवार भएमा थप कारोवारको १० प्रतिशत रकम वुझाउनु पर्ने छ ।

२) गाउँपालिकामा बुझाएको कारोवारको रेकर्डको १(एक) प्रति वडा कार्यालयमा समेत बुझाउनु पर्नेछ र त्यसको अनुगमन वडा कार्यालयले गर्ने छ ।

**१५. समिति गठन :-** (१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा निम्न बमोजिमको ७ सदस्य रहेको वडा स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति र गाउँपालिकामा निम्न बमोजिमको ९ सदस्य रहेको गाउँपालिका स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरिने छ । जसमा देहायका सदस्यहरु रहनेछन्:

**वडास्तरीय समिति**

| | |
|---|---|
| वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति | - संयोजक |
| स्थानीय स्तरमा रहेको प्रहरी कार्यालयको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको स्वास्थ्य कार्यालयको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको महिला सञ्जाल तथा समुहको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको बाल क्लवको अध्यक्ष | - सदस्य |
| वडा अध्यक्षले तोकेको १ जना वडा सदस्य | - सदस्य |
| वडा स्तरीय मेलमिलाप समितिको संयोजक | - सदस्य |

| | |
|---|---|
| वडा स्तरीय युवाक्लबको प्रतिनिधि | - सदस्य |
| वडा कार्यालयको सचिव वा सचिवले तोकेको ब्यक्ति | - सदस्य सचिव |

**<u>गाउँपालिका स्तरीय समितिका पदाधिकारीहरु</u>**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - संयोजक |
| उपाध्यक्ष | - सह-संयोजक |
| पालिक स्तरीय प्रहरी कार्यालय प्रमुख | - सदस्य |
| पालिका स्तरीय स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्य एक जना | - सदस्य |
| गाउँपालिका स्तरीय बाल क्लवको अध्यक्ष | - सदस्य |
| गाउँपालिका स्तरीय महिला सञ्जालको अध्यक्ष | - सदस्य |
| गाउँपालिका भित्रको युवाक्लवको प्रतिनिधि | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

**१६. नियमित अनुगमन :-** (१) वडा समितिले आफ्नो वडा भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिरा बिक्रि वितरण वा सेवन सम्बन्धि अवस्था के कस्तो छ सोको बारेमा जाँचबुझ गर्न महिनाको दुई पटक अनुगमन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिले अनुगमन गरि सकेपछिको प्रतिवेदन तयार गरि अनिवार्य रुपमा गाउँकार्य पालिकाको कार्यालयमा सो प्रतिवेदन पेश गर्नुपर्ने छ ।

(३) अनुगमन समितिले आफ्नो वडाको क्षेत्र भित्र मदिरा बिक्री वितरण बारे अनुगमन गर्दा यस कार्यविधिको दफा ११ मा उल्लेख गरिएका शर्तका कुरा के कति पालन गरिएका छन्सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्ने छ । साथै निम्नलिखित कुराको समेत अवस्था हेर्न सकिने छ ।

(क) समुदायमा मदिराको अवस्था के कस्तो रहेको छ सोको जानकारी,

(ख) इजाजत पत्र नविकरण गरेको छ वा छैन सोको जानकारी,

(ग) सेवनकर्ताले समुदायमा मदिरा सेवन गरि के कति होहल्ला, गाली बेइज्जती र झैझगडा गरे सोको जानकारी,

**१७. सचेतना कार्यक्रम संचालन गर्ने :-** (१) प्रत्येक ६ महिनामा मदिराको प्रभाव, कानूनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा प्रत्येक वडा स्तरमा कम्तिमा एउटा सचेतना कार्यक्रम गर्नुपर्ने छ ।

(२) वडा स्तरमा गरिएको सो सचेतना कार्यक्रमको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने छ ।

**१८. खानतलासी गर्ने वा नियन्त्रणमा लिन सकिने :-** १) गा.पा.को कुनै स्थानमा वा यस कार्यविधि बमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिव कारण भएमा गाउँपालिकाले वा वडामा गठीत समितिले

गाउँपालिकाको अध्यक्षसँग समन्वय गरी सुरक्षकर्मीको सहयोग लिई आवश्यक स्थानमा खानतलासी गर्ने सक्नेछ ।

२) त्यस्तो स्थानको खानतलासी गर्दा सो घरधनी वा जस्ले घर प्रयोग गरिरहेको छ उसलाई कानून बमोजिम सूचना दिनुपर्ने छ ।

३) खानतलासी गरिएको उक्त स्थानमा यस कार्यविधिमा उल्लेखित सजाय हुने बस्तु वा कसुर गर्ने व्यक्ति भेटीएमा तत्काल कब्जा गर्ने र गिरप्तारी समेत गर्न सकिने छ । त्यसरी कब्जा वा गिरप्तार गर्दा सुरक्षबर्मीको सहयोग लिनु पर्नेछ र सो कुराको तत्काल जानकारी गा.पा. लाई दिनु पर्नेछ ।

**१९. सजाय गर्न सकिने :-** (१) गाउँपालिकाले कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण गर्ने तथा सेवन गरी होहल्ला, गाली बेइज्जती गर्नेलाई कानून बमोजिम सजाय गर्न सक्नेछ । त्यसरी सजाय गरिएको व्यक्तिको परिचय सकेसम्म गोप्य राखिनेछ ।

(२) मदिरा सेवन गरि समुदायमा होहल्ला, शान्ति भंग हुने क्रियाकलाप वा झैझगडा गर्ने व्यक्तिलाई पहिलो पटक रु. १०००।- (एक हजार) जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा पटकैपिच्छे रु. २०००।- (दुई हजार) का दरले बढ्दै जाने छ ।

(३) मदिरा विक्री वितरणकर्ता, ओसार प्रसार र उत्पादनकर्ताले यस कार्यविधिको दफा ११ मा उल्लेखित सर्त उल्लंघन गरेमा पहिलो पटक भए रु. १००००।- (दश हजार) जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पिच्छे सोही कसूर पटकै पिच्छे गरेमा रु.२००००।- (बिस हजार) का दरले बढ्दै जाने छ ।

(४) यस कार्यमा सहयोगी भई कार्य गर्नेलाई समेत योजनाकार वा विक्रि वितरण, उत्पादन र ओसार गर्नेलाई हुने सजायको आधा सजाय गर्न सकिने छ ।

(५) सार्वजनिक पद धारण गरेको व्यक्ति वा सरकारी कर्मचारीले मदिरा सेवन गरि सामाजिक रुपमा होहल्ला, गाली बेइज्जती जस्ता क्रियाकलाप गरेमा आम व्यक्तिलाई गर्ने सजायको दोब्बर सजायका साथै विभागिय कारवाहीका लागि सिफारिसकालागी लेखी पठाउन सकिनेछ ।

(६) मदिरा सेवन कर्ताले मदीरा सेवन गरी नियम उलंघन गरेकोमा कारवाही गनु पर्दा मदीरा सेवन गराउने विकेताको नाम छिपाई उल्लेख नगरेमा सोही सेवन कर्ताले नै मदीरा सेवन गराउने व्यक्तिले तिर्नु पर्ने जरिवाना रकम वापतको थप रु १००००।-(दश हजार) जरिवाना तिर्नु पर्नेछ ।

(७) मदीरा विक्रि वितरण, ओसार पसार र सेवन गरी कसैले प्रचलित कानूनले हुने अन्य कुनै कसूर गरेमा प्रचलित कानून बमोजिम सजाय गर्न यस कार्यविधिले बाधा पुर्‍याएको मानिने छैन ।

**२०. मदिरा नियन्त्रण र व्यवस्थापन कोषको स्थापना :-** दफा १४ मा उल्लेख भए अनुसार तोकिएको जरीवाना वापतको रुकम जम्मा गर्नको लागि गाउँपालिका कार्यालयले एक छुट्टैखाता खोलेर राख्नु पर्ने छ । माथि उल्लेखित व्यक्तिलाईकारवाही बाट प्राप्त रकमको २५ (पच्चिस) प्रतिशत रकम सुरक्षा व्यवस्थापन, २५ (पच्चिस) प्रतिशत शिक्षा र स्वास्थ्य क्षेत्रमा, २० (बिस) प्रतिशत जनचेतना र सूचनामा तथा ३० (तीस) प्रतिशत रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरिनेछ ।

**२१. कारवाहीका लागि सिफारिस गरि पठाउने :-** (१) समुदायमा कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण गर्ने, पटक पटक तोकिएको शर्त उल्लंघन गर्ने र मदिरा सेवन गरि कुनै व्यक्ति तथा समुदायलाई पटक पटक गाली बेइज्जती गर्ने, कुनै आक्षेप लगाउने र समुदायमा मदिरा सेवन गरि झैझगडा गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा वडा समितिले सिफारिस गरि पठाउन सक्ने छ ।

(२) तीन पटक भन्दा बढी विक्रेता र सेवनकर्ताले नियम उल्लंघन गरेमा निजको इजाजत पत्र रद्द गर्न सिफारिस समेत गर्न सकिने छ ।

(३) मदिरा सेवन गरी कुनै पनि व्यक्ति गाउँपालिका अन्तर्गतका सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुमा गएको पुष्टि भएमा नियम बमोजिम कारवाही गरिनेछ ।

(४) मदिरा सेवन गरेको एकिन गर्न स्वास्थ्य परीक्षण गरी जरिवानाका लागि सिफारिस गरिनेछ ।

**२२. पुनरावेदन :-** यस कार्यविधि अन्तर्गत जरिवाना गरिएको विषयमा चित्त नबुझे जरिवाना गरिएको ३५ दिन भित्र गुठिचौर गाउँपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सकिने छ ।

**२३. सम्मान वा पुरस्कार :-** कसैले यस कार्यविधि बमोजिम मदीरा नियन्त्रण व्यवस्थापन कार्यमा सहयोग गर्ने व्यक्ति, संस्था वा निकायलाई गा.पा.ले उचित सम्मान वा पुरुस्कृत गर्न सक्नेछ ।

**२३. बाधा अड्काउ फुकाउ :-** यस कार्यविधीमा कुनै बाधा देखिएमा वा यो कार्यविधि अन्य प्रचलित कानूनसंगा बाझीन गएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन वा समयानुकुल परिमार्जन गर्न सक्नेछ ।

अनुसूची-१

**दफा ७ (क) सँग सम्बन्धीत**

## गुठिचौर गाउँपालिका

(मदीरा विक्रि वितरण, ओसार पसार ईजाजतपत्र अभिलेखीकरण गरेको प्रमाणपत्रको ढाँचा)

तपाई श्री ......................................................ले आफुले प्रचलित कानून बमोजिम प्राप्त गरेको मदीरा खरिद/विक्रि/ वितरण गर्न प्राप्त गरेको ईजाजत पत्र यस गा.पा.मा आजका मितिमा अभिलेखीकरण गर्नु भएकाले लाग्ने शुल्क लिई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

मदीरा ऐन, २०३१ र मदीरा नियमावली, २०३३ तथा गुठीचौर गा.पा.बाट बनाईएको मदीरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०८० मा उल्लेखित शर्तहरु समेत पालना गर्नु होला ।

प्रमाणपत्र पाउनेको नामः

ठेगाना :

सञ्चालकको नामः

सञ्चालकको स्थायी ठेगानाः

कारोवारको विवरणः स्वदेशी/विदेशी

कारोवारको किसिमः उत्पादक/ वितरक/थोक विक्रेता

निकासी/पैठारी/रेण्टुण्ट/डिपार्टमेण्टल स्टोर/ होटल

| | |
|---|---|
| प्रमाणपत्र पाउनेको | प्रमाणपत्र प्रदान गर्नेको |
| नामः | नाम र दर्जा |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

**अनुसुची-२**
**दफा ७(ख) सँग सम्बन्धीत**
**मदिरा सेवान कार्डको ढाँचा**

क) मदिरा सेवन कार्ड

## गुठिचौर गाउँपालिका
**धलमुडी, जुम्ला**
**मदिरा सेवन कार्ड २०......**

**फोटो**

वडा नं. :

सेवन कर्ताको नाम :

ठेगाना :

उमेर :

| मिति | सेवन कर्ताको नाम | मदिराको नाम | परिमाण | समय | बिक्रेताको हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सेवन कार्ड प्रदान गर्नेको

नाम र दर्जा :

दस्तखत:

**मितिः**

**अनुसुची-३**
**दफा १२ सँग सम्बन्धीत**
**अतिथि मदिरा सेवान कार्डको ढाँचा**

ख) अतिथि मदिरा सेवन कार्ड

## गुठिचौर गाउँपालिका

### धलमुडी, जुम्ला

### अतिथि मदिरा सेवन कार्ड २०......

वडा नं. :

पसलको नाम :

बिक्रेताको नाम ठेगाना :

उमेर :

| मिति | सेवन कर्ताको अथितिको नाम थर | ठेगाना | मदिराको नाम | परिमाण | समय | बिक्रेताको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अतिथि सेवन कार्ड प्रदान गर्नेको

नाम र दर्जा :

दस्तखतः

मितिः

# निर्माणजन्य पदार्थ (ढुङ्गा, वालुवा, गिट्टी स्लेट माटो आदि) उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्न बनेको कार्यविधि, २०८०

**प्रमाणिकरण मितिः २०८०।०३।१०**

## प्रस्तावनाः

गुठिचौर गाउँपालिका क्षेत्रका नागरिकहरुलाई निर्माणजन्य पदार्थ हरु (ढुङ्गा, वालुवा, गिटी, माटो स्लेट लगायत)को कृत्रिम अभावबाट सुरक्षित गराई सर्वसुलभ रुपमा उपलब्ध गराउन,निर्माणजन्य पदार्थ को अभावमा गतिहिन भएका सार्वजनिक निर्माणका योजनालाई तिब्र दरमा गति दिन निषेधित क्षेत्रबाट नदीजन्य , खानीजन्य र निर्माणजन्य पदार्थ लाई अनधिकृत रुपमा उत्खनन्, प्रशोधन तथा निकासी गर्ने कार्यलाई निरुत्साहित गरी सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम गर्न,निर्माणजन्य पदार्थ ( ढुङ्गा, वालुवा, गिट्टी स्लेट माटो, लगायत) को बिक्री वितरण कार्यलाई अनुगमन तथा नियमन गरी व्यवस्थित गर्न तथा गुठिचौर गाउँपालिका भित्रका स्रोत र साधनहरुको अधिकतम प्रयोग गरी द्रुततर आर्थिक विकासको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गुठिचौर गाउँपालिको यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भ

**१ संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधि को नाम "निर्माणजन्य पदार्थ (ढुङ्गा, वालुवा, गिट्टी, स्लेट माटो आदि) उत्खनन उत्पादन तथा प्रशोधन गर्न बनेको कार्यविधि , २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गुठिचौर कार्यपालिकाको बैठकको अध्यक्षलाई सम्झनुपर्छ । सो शब्दले गुठिचौर गाउँपालिका को अध्यक्ष समेत जनाउनेछ ।

(ख) "कार्यपालिका" भन्नाले गुठिचौर गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ग) "कार्यविधि" भन्नाले "निर्माणजन्य पदार्थ (ढुङ्गा, वालुवा, गिट्टी माटो आदि ) उत्खनन उत्पादन तथा प्रशोधन गर्न बनेका कार्यविधि, २०८० लाई सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनाउनेछ ।

(ङ) "निर्माणजन्य पदार्थ " भन्नाले निर्माण कार्यका लागि प्रयोग हुने नदीजन्य वा खानीजन्य ढुङ्गा, वालुवा, गिट्टी, माटो,लगायतका निर्माणजन्य पदार्थ लाई सम्झनुपर्छ ।

च) "ईजाजत प्राप्त व्यक्ति" भन्नाले ढुङ्गा, वालुवा, गिट्टी, माटो लगायतका सामाग्रीको उत्पादन, प्रशोधन, ढुवानी, सञ्चय, वा विक्री गर्न ईजाजत प्राप्त व्यक्ति, व्यवसायी, कम्पनी वा फर्म समेतलाई सम्झनु पर्छ ।

(छ) “उत्खननकार्य” भन्नाले निर्माणजन्य पदार्थ (ढुङ्गा, वालुवा, गिट्टी माटो)लाई कुनै स्थानबाट कुनै साधनको प्रयोग गरी वा नगरी झिक्ने, निकाल्ने कार्यलाई सम्झनुपर्छ ।

(ज) “उत्पादन् कार्य” भन्नाले निर्माणजन्य पदार्थ लाई आकार परिवर्तन गरी वा नगरी कुनै उपकरणको प्रयोग गरी वा नगरी निर्माण कार्यमा प्रयोग गर्न सकिने गरी तयार गर्ने कार्यलाई सम्झनुपर्छ ।

(झ) “प्रशोधन कार्य” भन्नाले निर्माणजन्य पदार्थ लाई कुनैपनि उपकरणको प्रयोग गरी वा नगरी गुणत्मक रुपमा परिवर्तन गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ञ) “उत्खनन क्षेत्र” भन्नाले निर्माणजन्य पदार्थ उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री गर्न ईजाजत पत्रमा उल्लेखित क्षेत्र सम्झनुपर्छ ।

(ट) “योजना” भन्नाले गुठिचौर गाउँपालिका भित्र सरकारी वा गैरसरकारी क्षेत्रबाट सञ्चालनमा आएका योजना तथा परियोजनाहरुलाई सम्झनु पर्छ ।

(ठ) “अनुगमन समिति” भन्नाले यस कार्यविधिको दफा २१ बमोजिम गठित अनुगमन तथा समन्वय समितिलाई जनाउने छ ।

(ड) “वातावरणीय अध्ययन” भन्नाले खानी सञ्चालनको कारणबाट नजिकका सुमदाय, जलश्रोत, भौतिक पूर्वाधारहरुमा पर्ने प्रभावहरुको सामान्य लेखाजोखालाई बुझाउने छ ।

(ढ) “समिति” भन्नाले यस ऐनको दफा १३(१) बमोजिम गठन भएको जाँचबुझ समितिलाई सम्झनु पर्छ ।

(ण) “वडा” भन्नाले ककनी गाउँ कार्यपालिका वडाहरुलाई सम्झनुपर्छ ।

(त) “सभा” भन्नाले ककनी गाउँसभालाई सम्झनुपर्छ ।

## परिच्छेद २
## गाउँपालिकाको अधिकार क्षेत्र तथा दायित्व

**३ गुठिचौर गाउँपालिकाको सम्पत्ति हुने :** गाउँ कार्यपालिका भित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाइएको सम्पूर्ण निमार्ण सामाग्री(ढुङ्गा, बालुवा, गिट्टी, माटो लगायत) गुठिचौर गाउँपालिका को सम्पत्ति हुनेछ । यस्तो सम्पत्तिको उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्रीका लागि स्वीकृति लिनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

**४. निर्माणजन्य पदार्थको उत्खनन गर्ने अधिकार :** (१) निमार्ण जन्य पदार्थ ढुङ्गा, बालुवा, गिट्टी, माटो आदि) उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री लगायतका कार्य गर्ने अधिकार गुठिचौर गाउँपालिका लाई हुनेछ ।

(२) यस कार्यविधिको अधीनमा रही गाउँपालिका ले आफैले गर्ने वा अरु कुनै व्यवसायिक फर्म वा कम्पनीलाई ईजाजत प्रदान गरी उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री गराउन सक्नेछ ।

(३) गाउँपालिका लाई निर्माणजन्य पदार्थ (ढुङ्गा, बालुवा, गिट्टी, माटो लगायत)को उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री कार्यमा पूंजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार हुनेछ ।

**५. उत्खनन, उत्पादन तथा प्रशोधन क्षेत्र निर्धारण गर्ने** : निर्माणजन्य पदार्थ उत्खनन उत्पादन तथा प्रशोधन कार्यको लागि गाउँपालिकाले क्षेत्र निर्धारण गर्नेछ ।

**(१) उत्खनन कार्यका लागि : -** क) निजी हकभोगको जग्गामा रहेको वालुवा, गिट्टि, ढुङ्गा स्लेट माटोजन्य पदार्थ संकलन उत्खनन्र बिकी वितरण गर्न वातावरणीय अध्ययनले जोखिम नरहेको देखिएका र वडाको सिफारिसका आधारमा गाउँपालिकाले स्विकृत गरेका स्थानहरु ।

(ख) सार्वजनिक तथा निजी हकभोगको जग्गामा रहेको वालुवा, ढुङ्गा र माटो जन्य पदार्थ थुप्रन गई सो को कारणले वस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने अवस्था सृजना भै त्यस्ता पदार्थ हटाउनु परेको अवस्थामा गाउँकार्यपालिकाले तोकेका तोकिने स्थलहरु ।

(ग) विभिन्न प्रकृतिका भौतिक संरचनाहरु निर्माण र निजी जमिनलाई खेतियोग्य बनाउने क्रममा ढुङ्गा तथा माटोजन्य पदार्थ हटाउनु पर्दा सम्बन्धित निकायबाट तोकिएको क्षेत्र ।

**(२) उत्पादन तथा प्रशोधन कार्यका लागि :** (क) सार्वजनिक वा निजी हकभोगको जग्गामा कुनै अर्को स्थानबाट निर्माणजन्य पदार्थ ल्याई वा नल्याई निर्माण ्जन्य पदार्थ उत्पादन तथा प्रशोधन कार्यका लागि गाउँपालिकाले क्षेत्र निर्धारण गर्न सक्नेछ ।

**६ टेन्डर आवहान गर्ने सकिने :** गुठिचौर गाउँपालिका भित्रका निर्माणजन्य पदार्थ उत्खनन्,उत्पादन तथा प्रशोधन कार्य गर्दा गाउँपालिकाले टेन्डर आवहान गर्न सक्नेछ । दफा ६ बमोजिम को टेन्डर प्रक्रियामा टेन्डर नपरेमा गाउँपालिकाले आफ्नो नियमानुसार कार्य अगाडी बढाउन सक्नेछ ।

**७. दर्ता नगराई निर्माणजन्य पदार्थ उत्खनन गर्न नहुने :** यो कार्यविधि प्रारम्भ भएपछि यो कार्यविधि बमोजिम गाउँपालिकामा कुनैपनि व्यक्ति फर्म वा कम्पनीले दर्ता नगराई कसैले पनि निर्माणजन्य पदार्थको उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्नु हुँदैन ।

**७. निर्माणजन्य पदार्थ सहज उपलब्ध गराउनु गाउँ कार्यपालिकाको दायित्व हुने :**

(१) गाउँपालिका भित्र ढुङगा, वालुवा र माटोजन्य पदार्थको दोहन रोकी सहज आपूर्तिका लागि तत्कालिन व्यवस्थापनको प्रबन्ध मिलाउने ।

(२) निर्माणजन्य पदार्थको प्रभावकारी उपयोग र व्यवस्थापन गरी भुकम्प पछिको पुनःनिर्माणका लागि आवश्यक निर्माणजन्य पदार्थहरुको आपूर्तिमा बिद्यमान अभाव र महंगीलाई ब्यवस्थापन गर्ने ।

(३) सार्वजनिक निमार्ण कार्यका लागि आवश्यक पर्ने वालुवा, ढुङा र माटोजन्य पदार्थको अभाव हुन नदिने ।

(४) भौतिक वा संरचनात्मक जोखिम उत्पन्न हुन सक्ने स्थानहरुको पहिचान गरी भविष्यमा सम्भावित प्रकोप तथा जोखिमलाई कम गर्ने ।

(५) अनावश्यक रुपमा जम्मा भईरहेको बालुवा वा ढुंगा वा अनुत्पादनशील निजी जग्गा जमिनलाई खेतियोग्य बनाउने क्रममा ढुंङगा तथा माटोजन्य पदार्थ हटाइ उर्वर खेतीयोग्य भुमिको तयारी गर्ने ।

## परिच्छेद ३
## ईजाजत प्रदान, दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था

**८ फर्म दर्ता नगरी निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्न नसकिने :** (१) निर्माणजन्य पदार्थको उत्खनन उत्पादन तथा प्रशोधन कार्य मार्फत व्यापार व्यवसाय गर्न चाहने व्यक्तिहरुले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्राईभेट फर्म, साझेदारी ऐन २०२० बमोजिम साझेदारी फर्म वा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी दर्ता गरी निर्माणजन्य पदार्थ उत्खनन गर्न सक्नेछन । फर्म वा कम्पनी दर्ता नगरी निर्माणजन्य पदार्थ उत्खनन गर्न सकिने छैन

(२) सार्वजनिक संरचनाको निर्माण तथा घरायसी प्रयोजनका लागि गाउँ कार्यपालिकाले कुनै व्यक्ति वा उपभोक्ता समितिलाई निश्चित कार्यका लागि निश्चित अवधि तोकी निर्माणजन्य पदार्थ उत्खनन गर्न ईजाजत प्रदान गर्न सक्नेछ ।

**९ निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधनका लागि दर्ता गर्नलाई दरखास्त दिनुपर्ने** : निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्य चाहने व्यक्ति, फर्म वा कम्पनीले गाउँ कार्यपालिकाले तोएिको दस्तुर सहित अनुसूची १ बमोजिमको ढाँचामा गाउँ कार्यपालिका मा दरखास्त दिनुपर्नेछ ।

**१०.दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**(१)यो कार्यविधिको अधीनमा रही निर्माणजन्य पदार्थको उखनन, उत्पादन तथा प्रशोधन गर्न चाहने फर्म वा कम्पनीले आफुले गर्न चाहेको उत्खनन् उत्पादन तथा प्रशोधन कार्यको प्रस्तावित योजनासमेत संलग्न गरी दफा९(१) बमोजिमको दरखास्त निवेदनको साथमा निम्नानुसारको कागजात पेश गर्नु पर्नेछ।

(क) निवेदनमा उल्लेखित उत्खनन क्षेत्रको जग्गा धनीको पूर्जा श्रेष्ताको प्रतिलिपी ।

(ख) उत्खनन, उत्पादन तथा प्रशोधन कार्यगर्ने क्षेत्रको जग्गाधनिले उत्खनन कार्यको लागि मन्जुरी वा सहमति छ भनी दिएको मञ्जुरीनामा वा सहमतिपत्र ।

(ग) उत्खनन, उत्पादन तथा प्रशोधन क्षेत्रको चार किल्लामा रहेका सधियारहरुको विवरण तथा निजहरुको कार्य गर्न हुन्छ भनी दिएको सहमती पत्र ,

(घ) उत्खनन,उत्पादन तथा प्रशोधन क्षेत्रको फिल्ड नक्शा, ट्रेस नक्शा, ब्लु प्रिन्ट नक्शा,

(ङ) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, (च) आफूले उत्खनन कार्य गर्न लागेको प्रस्तावित योजना, (छ) सम्बन्धित वडाको सिफारिसपत्र (आवश्यकता अनुसार वडाले सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ

(ज) फर्मको दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र तथा नवीकरण (उत्खनन गर्न चाहने व्यक्तिको हकमा नचाहिने ।

(झ) दरखास्त दस्तुर तिरेको रसिद

(ञ) IEE प्रतिवेदन (प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन )

छ (२) निर्माण सामाग्रको उत्खनन, उत्पादन तथा प्रशोधन कार्य सञ्चालनका लागि दरखास्त शुल्क रु १००० (रु एक हजार) लाग्नेछ ।

(३) सार्वजनिक निर्माण कार्यको लागि उपभोक्त समिति, सञ्चालनमा रहेका आयोजनाको हकमा आयोजना सञ्चालन गर्न प्राप्त गरेको सम्झौता पत्र/ईजाजत पत्र संलग्न गर्नुपर्नेछ । सार्वजनिक निर्माणका लागि सार्वजनिक जग्गा जमिनमा उत्खनन गर्ने भएमा उपभोक्त समितिको निर्णय वा स्थानीयवासीको सहमतिपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**११ सार्वजनिक सूचना दिनुपर्ने** : -१) गाउँपालिकामा निर्माणजन्य पदार्थ को उत्खनन उत्पादन प्रशोधन कार्य सञ्चालनका लागि ईजाजत पाउँ भनी दरखास्त परेपश्चात आवश्यक जाँचबुझ गरी उत्खनन, उत्पादन तथा प्रशोधन कार्यको लागि निवेदन परेको छ भनी १५ दिने गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) दफा ११(१) बमोजिम प्रकाशित सूचना गाउँ कार्यपालिकाको सूचना पाटी तथा वडा कार्यालयहरुका सूचना पार्टीमा टाँस गर्नुपर्नेछ ।

**१२ उजुरी दिन सक्ने :** १) गाउँ कार्यपालिकाले दफ ११(१) बमोजिम प्रकाशित गरेको सूचना उपर सूचनासँग सार्थक सम्बन्ध रहेको व्यक्ति वा संस्थाले सम्बन्धित वडा कार्यालय वा गाउँ कार्यपालिकामा सूचना टाँस गरेको मितिले १५ दिन भित्र उजुरी दिन सक्नेछन्।

(२) दफा १२(१) बमोजिम कुनै उजुरी परेमा सो को छानविन जाँचबुझ समितिले गर्नेछ ।

**१३ जाँचबुझ गरिने** : (१) निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्यका लागि गाउँ कार्यपालिकामा दरखास्त परेपश्चात सो को छानविन गाउँ कार्यपालिकाका सदस्यहरु रहेको जाँचबुझ समितिले गर्नेछ । जाँचबुझ समिति यसप्रकार रहनेछ ।

संयोजक : गाउँ कार्यपालिकाको उपाध्यक्ष

सदस्य : सम्बन्धित वडाको वडाध्यक्ष

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : अध्यक्षले तोकेको गाउँ कार्यपालिकाको महिला सदस्य

सदस्य सचिव : प्राविधिक शाखाका प्रमुख

(२) दरखास्तवालाको दरखास्त सहित गाउँपालिकामा पेश गरेको कागजात उपर जाँचबुझ गर्दा थप कागजात माग गर्नुपर्ने देखिएमा गाउँपालिका तथा वडा कार्यलयमा सूचना टाँस गरेको मिति समाप्त भएको ७ दिन भित्र दरखास्तवालासँग कागजात माग गरिसक्नुपर्नेछ ।

(३)जाँचबुझ समितिले मागेको विवरण तथा कागजात उपलब्ध गराउने दायित्व दरखास्तवालाको हुनेछ ।

(४) जाँचबुझ समितिले दरखास्त उपर जाँचबुझ गर्दा स्थलगत भ्रमण गर्नेछ । स्थलगत भ्रमण गर्दा उत्खनन एवं संकलन गर्न प्रस्तावित स्थलवाट रोडा, ढुंगा, माटो वालुवा निकाल्दा सधियारहरुलाई हानी नोक्सानी पर्ने नपर्ने, सार्वजनिक जग्गा, वन जंगल, पानीकोमुहान, सडक, पाटी पौवा, मन्दिर, भवन, तथा अन्य सार्वजनिक वा व्यक्तिगत संरचनामा तत्काल, अल्पकाल र दीर्घकाल असर पर्ने हो होइन एकीन गरी उत्खनन गर्न हुने नहुने उल्लेख गरी गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ । जाँचबुझ समितिले स्थलगत भ्रमण गर्दा लागेकोखर्च दरखास्तवालाले व्यहोर्नुपर्नेछ ।

(५) जाँचबुझ समितिले स्थलगत निरिक्षण गर्दा आवश्यकता अनुसार विज्ञको सहयोग लिन सक्नेछ ।

**१४ वैठकमा पेश गरिने :** (१) दफा (१३) बमोजिम दरखास्त उपर जाँचबुझ गरी जाँचबुझ समितिले आफ्नो प्रतिवेदन सहित दरखास्त गाउँ कार्यपालिकामा पेश गर्नेछ ।

(२) गाउँपालिकामा प्रतिवेदन सहितको दरखास्त प्रस्ताव पेश भएपश्चात गाउँपालिकाले IEE लगायतका प्रतिवेदन उपर जाँचबुझ गर्न सम्बन्धित निकायमा लेखि पठाउने छ । सम्बधित निकायबाट उपयुक्त छ भनी लेखिएको पत्र प्राप्त भएपश्चात मात्र गाउँपालिकाको वैठकमा छलफलका लागि पेश हुनेछ ।

(३) जाँचबुझ समितिले पेश गरेको राय सहितको प्रतिवेदन तथा सम्बन्धित निकायबाट प्राप्त भएको पत्र उपर गाउकार्यँपालिकाका बहुमत सदस्यहरुको चित्त नबुझेमा निवेदन उपर गाउँ कार्यपालिकाले थप अध्ययन तथा जाँचबुझ गर्न सक्नेछ । अध्ययन तथा जाँचबुझका क्रममा गाउँ कार्यपालिकाले मागेको बिवरण उपलब्ध गराउनु दरखास्तवालाको कर्तव्य हुनेछ ।

**१५ ईजाजत प्रदान गर्ने:** (१)जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन सहितको दरखास्तउपर गाउँ कार्यपालिकाले निर्माणजन्य पदार्थको उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्न अनुमति दिने भनी निर्णय गर्नेछ । निर्णय गर्दा व्यापारिक प्रयोजन, सार्वजनिक निर्माण वा निजी प्रयोजन मध्ये जुन प्रयोजनको लागि अनुमति दिईएको हो सो व्यहोरा खुलाई निर्णय गरिनेछ ।

(२) उपदफा (१) वमोजिमको निर्णय भएपश्चात निवेदकलाई निर्माणजन्य पदार्थ उत्खनन उत्पादन तथा प्रशोधन गर्न प्रमुख प्रशासकीय अधिकृतद्वारा अनुसूची २ बमोजिमको ईजाजत प्रमाण-पत्र प्रदान गरिनेछ । ईजाजत पत्रमा व्यापारिक प्रयोजन, सार्वजनिक निर्माण वा निजी प्रयोजन मध्ये जुन प्रयोजनको लागि ईजाजत दिएको सो व्यहोरा खुलाई दिईनेछ । साथै सार्वजनिक निर्माण तथा व्यक्तिगत प्रयोजनको लागि ईजाजत दिँदा समय सीमा, परिमाण तोकी ईजाजतपत्र दिईनेछ ।

(३) दरखास्तवावाले ईजाजत पाएको सूचना गाउँपालिकाको सूचना पाटी तथा वडाको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(४) गाउँपालिकाले दरखास्त उपर ईजाजत प्रदान गर्न नसक्ने भएमा सो को कारण सहित दरखास्तवालालाई १५ दिन भित्रमा जानकारी दिनुपर्नेछ ।

ठ (५) उत्खनन्उत्पादन तथा प्रशोधनको लागि ईजाजत दिदा निश्चित अवधि तोकी ईजाजत दिनुपर्ने पर्नेछ ।

**१६. दर्ता तथा दर्ता शुल्क :** (१) गाउँ कार्यपालिकाले निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्यको लागि ईजाजत प्रदान गरेपश्चात दरखास्तवावाले गाउँपालिमा दर्ता गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले उत्खनन उत्पादन तथा प्रशोधन कार्यको लागि दर्ता गरेको फर्मको छुट्टै फाईल खडा गरी राख्नुपर्नेछ ।

(३) निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्यको लागि दर्ता शुल्क यसप्रकार लाग्नेछ । दर्ता शुल्क रु २५,०००।-(रु पच्चिस हजार) लाग्नेछ ।

**१७ ईजाजतपत्रको नवीकरण :** (१) निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा नवीकरणको लागि ईजाजत पाएको फर्म वा कम्पनीले बार्षिक रुपमा आर्थिक बर्षको समाप्त हुनु १(एक) महिना अगावै तोकिएको दस्तुर तिरी नवीकरण गर्नुपर्नेछ ।

(२) दफा १७(१) बमोजिम नवीकरण नगरेमा त्यसको मनासिव कारण खुलाई ईजाजतपत्रको म्याद समाप्त भएको मितिले ३५ दिनभित्र ईजाजतपत्र प्राप्त फर्म वा कम्पनीले निवेदन दिन सक्नेछ र त्यसरी दिएको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा गाउँपालिकाले नवीकरण गर्न सक्नेछ ।

(३) नवीकरण शुल्क रु १५,०००।-( रु पन्ध्र हजार मात्र) लाग्नेछ ।

## परिच्छेद ४
## उत्खनन, उत्पादन तथा प्रशोधन सम्बन्धी व्यवस्था

**१८. निर्माणजन्य पदार्थ उत्खनन् तथा संकलन सम्बन्धी व्यवस्था :** (१) निर्माणजन्य पदार्थ उत्खनन तथा संकलन गर्न ईजाजत पाएको फर्म वा कम्पनीले कुन क्षेत्रबाट कति निर्माणजन्य पदार्थ उत्खनन गर्न लागेको हो सोव्यहोरा सार्वजनिक गरी सो अनुसार वातावरणीय अध्ययन गरी गराई उत्खनन्को व्यवस्था मिलाई गाउँ कार्यपालिकालाई जानकारी दिनु पर्नेछ ।

(२) फर्म वा कम्पनीले निर्माणजन्य पदार्थ उत्खनन गर्दा प्रस्तावित स्थानको लम्बाई, चौडाई तथा गहिराई सहितको चारकिल्ला किल्ला निर्धारण गरी गाउँ कार्यपालिका का प्राविधिक कर्मचारीबाट प्रमाणित गराई कार्य प्रारम्भ गर्नुपर्नेछ । साथै उत्खनन तथा संकलन स्थलमा उत्खनन्विधि, परिणाम, उत्खननको समयावधि गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगायतका जानकारी मुलक सूचना सवैले देख्ने ठाउँमा टाँस गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(३) निर्माणजन्य पदार्थ को उत्खनन् उत्पादन तथा प्रशोधन कार्यको लागी ईजाजत पाउने फर्म वा कम्पनीले उत्खनन तथा संकलन कार्य मानव बस्ती, वन, खानेपानीको मुहान र मुलसडकवाट कम्तिमा ५० मिटरको दुरिमा हुनुपर्नेछ र नजिकको समथर जमिनको सतहबाट ५ मी भन्दा बढीको खाल्डो खन्न पाईने छैन ।

(४) उत्खनन, उत्पादन तथा प्रशोधन कार्यबाट बनेको खाडललाई माटोले पुर्नभरण गर्ने लगाएत जोखिम कम गर्ने अन्य उपयुक्त उपाय अवलम्वन गर्नु पर्ने छ ।

(५) निर्माणजन्य पदार्थको उत्खनन सार्वजनिक जग्गाको सिमानाबाट कम्तिमा ५ मीं दुरी सम्म मात्र गर्न पाईनेछ ।

(६) गाउँ कार्यपालिकाबाट ईजाजत प्रत्रमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी निर्माणजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाइने छैन ।

(७) उत्खनन्उत्पादन तथा प्रशोधन कार्य पश्चात छनौट गरी छाडिएको काम नलाग्ने वस्तु बलौटा, पांगो वा चोकर वा अन्य वाई प्रडक्टको उचित ब्यवस्थापन गर्नु पर्नेछ । साथै सो वाट निस्किएको फोहर पानिलाई आवस्यक ट्रिटमेन्ट प्लान्ट मार्फत सफा गरे पश्चात मात्र स्थानिय नदी, खोलामा खसाल्ने व्यवस्था गर्नु पर्नेछ

(८) सडक गाउँ कार्यपालिका र सम्वन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुंगा, वालुवा र माटो उत्खनन्र् संकलन गर्न वा सञ्चय गर्न पाइने छैन ।

(९) उत्खनन् तथा उत्पादन तथा प्रशोधन स्थलवाट मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न गराउन पाइने छैन ।

(१०) उत्खनन एवं उत्पादन तथा प्रशोधन कार्य गर्न अनुमती माग गर्ने कम्पनी वा फर्मले व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्नुपर्नेछ ।

**१९. उत्खनन् परिमाण नियन्त्रण विधि** : उत्खननगर्न स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन्हुन नदिन देहाय बमोजिमका उपायहरु अवलम्वन गर्नु पर्ने छ ।

(१) संकलन तथा उत्खनन् आदेश दिनु पूर्व प्राविधिकबाट गरिएको नाप जाच तथा रेखाकंनका आधारमा उत्खनन्लाईन दिने ।

(२) यस बमोजिम उत्खनन् भै निकासी भएको स्थलमा सम्बन्धित वडाले नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) दैनिक उत्खनन् गरिएको खानीजन्य पदार्थको समेत तोकिए वमोजिम ढाचामा दैनिक उत्खनन्अभिलेख राख्नु पर्ने छ ।

(४) दैनिक विक्री निकासी लिष्ट तयार गरी सम्बन्धित वडा कार्यालयमा पठाउने र वडा कार्यालयले सो को अभिलेख राखी १ प्रति गाउँ कार्यपालिका मा पठाउनुपर्नेछ ।

(५) संकलन उत्खनन् कार्य गर्दा उत्खनन्कर्ता स्वयंले शुल्क संकलन गरी तोकिएको हिस्सा संकलनको दिन वा भोलीपल्ट नै गाउँ कार्यपालिका लाई उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद ५
## ओसारपसार विधि

**२०. निर्माणजन्य पदार्थ ओसार पसार सम्बन्धी व्यवस्था :** (१) निर्माणजन्य पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन्उत्पादन तथा प्रशोधन स्थलबाटै निर्माणजन्य पदार्थ ढुवानी साधनलाई छोपी प्रदुषण नहुने व्यवस्था मिलाउनु पर्नेछ । यस्ता ढुवानी साधनको गति २० कि.मी. प्रति घण्टा भन्दा बढी हुन नपाउने र पानी चुहाउन समेत नपाउने व्यवस्था मिलाउनु पर्ने छ ।

(२) निर्माणजन्य पदाथ उत्खनन्उत्पादन तथा प्रशोधन कार्य गर्ने स्थानबाट ओसार पसार गर्ने समय दिनमा मात्र गर्नु पर्नेछ ।

(३) वाटोमा धुलो तथा ध्वनी प्रदुषण हुन नदिन उत्खननकर्ता उत्पादनकर्ता वा प्रशोधनकर्ताले ढुवानीकर्तासँग समन्वय गरी पानी छर्कने लगायतको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) ढुवानी गर्ने सवारीसाधनले प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) निर्माणजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तब्यमा नपुगन्जेल सडकमा पार्किङ गर्न निषेध गरिनेछ । ढुवानी गरिएको पदार्थ कुनै पनि कारणले सडक किनारामा अनलोड गर्न पाउने छैन ।

(६) ककनी गाउँकार्यपालिकाले निर्माणजन्य पदार्थ को ओसार पसार गर्न अनुगमन समिति मार्फत प्रभावकारी अनुगमन गर्ने व्यवस्था गर्नेछ । सो को लागि गाउँकार्यपालिकाले नेपाल प्रहरी र गाउँप्रहरीको सहयोग लिन सक्नेछ ।

## परिच्छेद-६
## अनुगमन सम्बन्धी व्यवस्था

**२१. अनुगमन सम्बन्धी व्यवस्था :** (१) निर्माणजन्य सामाग्री उत्खनन् उत्पादन तथा प्रशोधन कार्यको लागि क्षेत्र, सिमांकन, परिमाण आदिको पूर्वनिर्धारण गर्न र वातावरणीय अध्ययन गरी सो को शर्तहरुको परिपालना, अनियमित संकलन र उत्खनन् परिमाणको नियन्त्रण, ढुवानी ब्यवस्था, राजश्व चुहावट तथा चोरी नियन्त्रण, हाल संचालनमा रहेका क्रशर उद्योग लगायतका कार्यहरुको अनुगमन गर्न गाउँपालिका अध्यक्ष वा निजले ताकेको गाउँ कार्यपालिका सदस्यको संयोजकत्वमा गठित देहाय वमोजिम अनुगमन समिति रहने छ ।

(क) गाउँपालिका अध्यक्ष वा निजले ताकेको गाउ कार्यपालिका सदस्य. संयोजक

(ख) कार्यपालिका सदस्य मध्यबाट गाउँपालिकाले तोकेको ३ जना सदस्य ।

(ग) प्रमुख प्रशासकीय अधिकृत .-सदस्य सचिव

(२) निर्माणजन्य पदार्थकोउत्खनन्उत्पादन तथा प्रशोधन कार्य प्रारम्भ भै सकेपछि यस कार्यविधि बमोजिमभए नभएको नियमित अनुगमन गर्न सम्बन्धित उपदफा (१) वमोजिम गठित समितिले अनुगमन समिति निर्माण गरी नियमित अनुगमन गर्न गराउन सक्नेछ ।

(३) उत्खनन् उत्पादन प्रशोधन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्य सम्पन्न गर्न जुनसुकै बेला अनुगमन समितिले आवश्यक जनशक्ति परिचालन गर्न सक्नेछ ।

(४) अनुगमन कार्यका लागि परिचालित हुने अनुगमन समितिलाई अन्य निकायले आवश्यकतानुसार सहयोग गर्नुपर्ने छ ।

(५) उल्लेखित अनुगमन व्यवस्था अनुसार उत्खनन् उत्पादन, प्रशोधन तथा ओसारपसारका लागि नियमानुसार भए नभएको विषयमा अनुगमन गरी अनुगमन समितिले आवश्यक कारवाहीका लागि गाउँ कार्यपालिकालाई प्रतिवेदन दिनुपर्ने छ । परिच्छेद ७ उजुरी सम्बन्धी व्यवस्था

**२२ उजुरी सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि विपरित कार्य गरेको भनी जो कसैले पनि गाउँपालिकाको कार्यालय, वडा कार्यालय, जाँचबुझ समितिका पदाधिकारी तथा अनुगमन समितिका पदाधिकारी समक्ष मौखक /लिखित उजुरी गर्न सक्नेछन र सो को जानकारी सम्बन्धित सबैले गाउँ कार्यपालिकाका अध्यक्षलाई तत्कालै गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरीउपर गाउँ कार्यपालिकाका अध्यक्ष आफै वा जाँचबुझ समितिका पदाधिकारी वा अनुगमन समितिका पदाधिकारी जो कसैलाई तत्काल स्थलगत भ्रमण गर्न निर्देशन दिन सक्नेछन ।अध्यक्षको निर्देशन बमोजिम तोकिएको व्यक्तिले स्थलगत भ्रमण गरी अध्यक्षलाई तत्काल लिखित रिपोर्ट पेश गर्नुपर्नेछ ।

(३) जाँचबुझ समिति तथा अनुगमन समितिमा परेको उजुरीहरु उपर सम्बन्धित निकायले जाँचबुझ गरी गाउँ समितिको वैठकमा समेत पेश गर्नुपर्नेछ ।

## परिच्छेद ८
## दण्ड सजाय सम्बन्धी व्यवस्था

**२३. दण्ड सजाय** : (१) यस कार्यविधिको दफा (४), (५), (६), (८) विपरितको कार्य गरेको पाईएमा गाउँपालिकाले उत्खनन, उत्पादन तथा प्रशोधनमा प्रयोग भएका यन्त्र उपकरण लगायतका सामाग्री तथा उत्खनन, उत्पादन तथा प्रशोधन भएका निर्माणजन्य पदार्थ बरामद गरी रु १,०००००।-(रु एक लाख मात्र) सम्म जरिवाना गर्न सक्नेछ ।

(२) यस कार्यविधिको दफा (१५)को उपदफा (२) बमोजिम गाउँपालिकाले सार्वजनिक निर्माण वा निजी प्रयोजनको लागि भनी खुलाई दिएको ईजाजत विपरित कुनै उपभोक्ता समिति, व्यक्ति वा अन्य निकायले उत्खनन, उत्पादन तथा प्रशोधन गरिएको निर्माणजन्य सामाग्रीको व्यापार व्यवसाय गरेको पुष्टि भएमा गाउँपालिकाले उत्खनन, उत्पादन तथा प्रशोधनमा प्रयोग भएका यन्त्र उपकरण लगायतका सामाग्री तथा उत्खनन, उत्पादन तथा प्रशोधन भएका निर्माणजन्य पदार्थ बरामद गरी रु ५०,०००।-(रु पचास हजार मात्र) सम्म जरिवाना गर्न सक्नेछ ।

(३) यस कार्यविधिको दफा (१७) विपरित ईजाजत नवीकरण नगरी कुनै फर्म वा कम्पनीले उत्खनन, उत्पादन तथा प्रशोधन गरेमा गाउँपालिकाले उक्त कार्यका लागि प्रयोग भएका यन्त्र उपकरण लगायतका सामाग्री तथा उत्खनन, उत्पादन तथा प्रशोधन भएका निर्माणजन्य पदार्थ बरामद गरी रु १,०००००।-(रु एक लाख मात्र) सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (१८) तथा दफा (२०) विपरितको कार्य गरेमा निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्यमा तत्काल रोक लगाई रु २५,०००।-(रु पच्चिस हजार मात्र) सम्म जरिवाना गर्न सक्नेछ

(१) कसैले यस कार्यविधि बमोजिम निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा वितरण कार्य गर्ने ईजाजत नलिई गरेमा गाउँ कार्यपालिका ले त्यस्तो निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्य बन्द गरी सो कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण,औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको पदार्थसमेत जफत गर्नुको साथै त्यस्तो व्यक्तिलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कार्यबाट नोक्सान भएको धनसम्पत्तिको क्षति समेत भराउन सक्नेछ ।

(५) ईजाजत प्राप्त व्यक्ति, फर्म वा कम्पनीले गाउँपालिकाले दिएको निर्देशन वा आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म गाउँपालिकले निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्य स्थगित गर्न वा निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्ने ईजाजत नै रद्द समेत गर्न सक्नेछ र त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट पदार्थको भण्डारमा क्षति पुग्न

गएमा, भूक्षय भएमा वा कसैको जिउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र नोक्सानीको आधारमा मुनासिब क्षतिपूर्ति समेत ईजाजत प्राप्त व्यक्तिबाट भराउन सक्नेछ ।

(६) ईजाजत प्राप्त फर्म वा कम्पनीले दफा गाउँपालिकामा दिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म गाउँपालिका ले निर्माणजन्य पदार्थ उत्पादन गर्ने कार्य स्थगित गर्न सक्नेछ ।

(७) ईजाजत प्राप्त फर्म वा कम्पनीले यस दफामा लेखिएदेखि बाहेक यो कार्यविधिको बर्खिलाप कुनै काम गरेमा बखिलाफको कारण, परिणमा, असर समेतलाई अध्ययन गरी एकलाख रुपैयाँसम्म जरिवाना गर्न वा निर्माणजन्य पदार्थ जफत गरी उत्पादन, उत्खनन तथा प्रशोधन कार्य गर्न दिइएको ईजाजत रद्द गर्न सक्नेछ ।

(८) उपदफा (१), (२), (३) वा (४) बमोजिम कारवाही गर्नुभन्दा अगाडि गाउँ कार्यपालिका ले सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीलाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

**२४ ईजाजत पत्र रद्द हुने व्यवस्था :** (१) अस्थाई ईजाजत देहायको अवस्थामा रद्द वा खारेज हुनेछ ।

(क) ईजाजत पत्र प्राप्त व्यक्तीले ईजाजत पत्र परित्याग गर्न निवेदन दिएमा ।

(ख) सार्वजानिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकुल असर पर्न सक्ने कार्य गरेमा

(ग) नियमानुसार तोकिएको रोयल्टी, शुल्क, दस्तुर आदी समयमा नवुझाएमा ।

(घ) यस कार्य विधि वमोजिम तोकिएको शर्तहरु पालना नगरेमा ।

(ङ) तोकिए वमोजिमको पेश गर्नु पर्ने विवरण, प्रतिवेदन, सुचना आदी पेश नगरेमा ।

(च) कसैको उजुरी परी छानविन गर्दा ईजाजत प्राप्त व्यक्तिले अनियमित एवं कानुन विपरित कार्य गरेको गाउँपालिकाले ठहर गरेमा ।

(२) उपदफा १ वमोजिम ईजाजत खारेज गर्दा सम्वन्धीत फर्म वा कम्पनीलाई सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

## परिच्छेद-९
## विविध

**२५. अनधिकृत रुपमा उत्खनन् तथा संकलन गर्न नपाईने :** अनधिकृत रुपमा नदी नाला खोल्सा खोल्सीवाट निर्माणजन्य पदार्थ उत्खनन्उत्पादन ,संकलन गर्न पाइने छैन । कसैले अनधिकृत रुपवाट उल्लेखित निर्माण जन्य समाग्री उत्खनन्एवं संकलन गरेमा गुठिचौर गाउँपालिका ले सो सामाग्री जफत वा नियमानुसार जरिवाना गर्न सक्ने छ ।

**२६. आवश्यक निर्णय गर्न सक्ने** : यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि आम रुपमा साधारण निर्माणजन्य सामाग्रीहरु रोडा ढुंगा, गिटी माटो स्लेट ढुङ्गा तथा वालुवाको अभाव भै

सर्वसाधारणलाई असुविधा पुग्न गएमा वा अन्य प्रयोजनको लागी सार्वजानिक स्थललाई उपयोग योग्य वनाउन आवश्यकता परेमा तोकिए वमोजिमको प्रक्रिया पुरा गरी गराई ठिचौर गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी यस कार्यविधि बमोजिम उत्खनन्उत्पादन प्रशोधन गर्न वा संकलन गर्ने गराउने व्यवस्था मिलाउन सक्नेछ ।

**२७ निर्माणजन्य पदार्थ को उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने :** (१) निर्माण जन्य पदार्थको उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्ने व्यक्तिले निर्माण जन्य पदार्थको उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्दा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ । साथै त्यस्तो निर्माण जन्य पदार्थको उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्ने व्यक्तिले वातावरण संरक्षणका सम्बन्धमा तोकिए बमोजिमका बचाउका उपायहरु अपनाउनु पर्नेछ ।

(२) निर्माण जन्य पदार्थको उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्ने व्यक्तिले वातावरणमा प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन गाउँ कार्यपालिकाले सम्बन्धित व्यक्ति फर्म वा कम्पनीलाई आवश्यक निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

**२८. विशेष व्यवस्था :** (१) गाउँ कार्यपालिकाले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै क्षेत्रको सम्बन्धमा विशेष शर्तहरु तोकी निर्माण जन्य पदार्थको उत्खनन, उत्पादन तथा प्रशोधन कार्य गर्ने ईजाजत दिन सक्नेछ ।

(२) गाउँ कार्यपालिकाले निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन, प्रशोधन कार्य गर्ने ईजाजत पाएको व्यक्ति, फर्म वा कम्पनीले कुनै तेश्रो पक्षलाई उत्खनन् उत्पादन तथा प्रशोधन कार्य गर्न दिन सक्ने छैन ।

(३) गाउँ कार्यपालिकाले कुनै खास निर्माणजन्य पदार्थ उत्पादन, उत्खनन तथा प्रशोधन गर्न पाउने भनी कुनै व्यक्ति फर्म वा कम्पनीलाई तोक्न सक्नेछ ।

(४) सर्वसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी गाउँ कार्यपालिका ले निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, ढुंगा र बालुवा जस्ता पदार्थको उत्खनन, उत्पादन तथा प्रशोधनको व्यवस्था मिलाउन सक्नेछ ।

**२९. थपघट वा हेरफेर गर्न सक्ने:** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिका ले आवश्यकतानुसार थपघट, हेरफेर र संशोधन गर्न सक्नेछन्।

**३०. विशेष अधिकार :** (१) गाउँ कार्यपालिकाले सुरक्षा वा सार्वजनिक हितको लागि आवश्यक देखेमा तुरुन्त निर्माणजन्य पदार्थ उत्खनन कार्य रोक्का गर्न सक्नेछ ।

**३१. निर्देशन दिन सक्ने :** गाउँपालिको निर्माणजन्य पदार्थ को उत्खनन, उत्पादन, प्रशोधन भण्डारण समेतको कार्यबाट हुनसक्ने क्षति, कसैको जिउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नोक्सानी रोकथाम गर्न, प्रकोप नियन्त्रण गर्न आवश्यक आदेश दिन सक्नेछ ।

**३२. रोयल्टी तथा अन्य दस्तुर :** ईजाजत प्राप्त फर्म वा कम्पनीले गाउँ कार्यपालिका लाई निर्माणजन्य पदार्थ को प्रकार गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउन पर्नेछ ।

**३३. लिलाम गर्न सक्ने :** यस कार्यविधि बमोजिम गाउँपालिकाले जफत गरेका निर्माणजन्य सामाग्री आवश्यक प्रक्रिया पुरा गरी लिलाम गर्न वा सार्वजनिक निर्माण कार्यमा लगाउन सक्नेछ ।

**३४ वाधा अड्काउ फुकाउने अधिकार :**यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ उत्पन्न भएमा वा संघ वा प्रदेश कानुन जारी हुदाको वखत द्विविधा उत्पन्न भएमा गुठिचौर गाउँपालिकाले स्थानिय राजपत्रमा सुचना प्रकाशन गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्ने छ ।

## अनुसूची १

### (उत्खनन, उत्पादन तथा प्रशोधनको कार्य गर्न ईजाजतका लागि दिईन दरखास्त)

श्री ककनी गाउँपालिकाको कार्यालय
धलमुडी जुम्ला ।

बिषय : ईजाजत पाउँ भन्ने वारे

"निर्माणजन्य पदार्थ (ढुङ्गा, वालुवा, गिट्टी, स्लेट माटो आदि ) उत्खनन उत्पादन तथा प्रशोधन गर्न बनेको कार्यविधि , २०७४"को दफा ९ बमोजिम निमार्ण जन्य पदार्थको उत्खनन/उत्पादन/प्रशोधन कार्य गर्न ईजाजत पाउनको लागि यो निवेदन भरी पेश गरिएको छ ।

**१ दरखास्त दिने व्यक्ति फर्म वा कम्पनीको नाम :**

ठेगाना :
फोन नं :
ईमेल :

**२ फर्म वा कम्पनीको प्रकृती**

**कम्पनी : क) एकल**
**ख) पब्लिक**
**फर्म : क) एकल**
**ख) साझेदारी**

**३ फर्म वा कम्पनीको विवरण**

दर्ता नं. :
अधिर्कत पुजी :
दर्ता गर्ने कार्यालयको नाम :
ठेगाना :
दर्ता मिति :
जारी पुजी :

४ ईजाजत लिन चाकेको कार्य
उत्खनन् कार्य
उत्पादन कार्य
प्रशोधन कार्य

५ आर्थिक श्रोतको विवरण
नगद
बैंक व्यालेन्स

६ कामदारको विवरण :
प्राविधिक
अप्राविधिक
अन्य

उदेश्य :
निजी :
व्यापारीक :
सार्वजानीक निर्माण :

(प्राविधिक कर्मचारीको सर्टिफिकेट प्रतिलिपी तथा निजको मन्जुरी पेश गर्नु पर्नेछ)

७ आफ्नो स्वामित्वमा रहेको निर्माण सामाग्री उत्खनन् उत्पादन तथा प्रशोधन कार्य गर्ने औजारको विवरण

| क सं | नाम तथा विवरण | दर्ता नं | क्षमता | मुल्य | खरीद मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८ यस अघि गरेको कामको विवरण

| क सं | कामको प्रकृती | काम गरेको अवधि | काम गर्न दिने व्यक्ति संस्थाको नाम | कामको प्रगती (प्रतिशतमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

९ करचुक्ता तथा नविकरण गरेको कागजात :

क)

ख)

ग)

यस दरखास्त फारममा उल्लेखित सम्पुर्ण व्यहोरा ठिक साँचो छ झुठा ठहरे कानुन बमोजिम सहुँला बुझौला ।

छाप :

दरखास्तवालाको
दस्तखत :
मितिः

## अनुसुची २

## उत्खनन्, उत्पादन तथा प्रशोधन कार्यको लागी दिईने ईजाजत पत्र

ईजाजत पत्र नं.................... मितिः.....................

गुठिचौर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
धलमुडी जुम्ला

"निर्माजन्य पदार्थ (ढुंगा,वालुवा,गिट्टी,स्लेट माटो आदी) उत्खनन्तथा प्रशोधन गर्न बनेको कार्यविधि , २०८०" को दफा १५ बमोजिम .........................कार्य गर्न .........................लाई यो ईजाजत दिईएको छ।

ईजाजत दिनेको
दस्तखत नामः
पदः
मितिः
कार्यालयः

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण वहाल रहेको अवधि | नविकरण मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |